Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ३२, २०७८ साल फागुन २४ गते मंगलबार (Mar 8, 2022) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# युक्रेनीहरूको भविष्य खतरामा

**मोहन कार्की**

युक्रेन र रसियावीचको युद्ध जारी छ । हुनत यसलाई युद्ध नै भन्न अलि नमिल्ला किनकी कुनैवेलाको सोभित संघ अर्थात विश्वको शक्तिशाली राष्ट्र रुस अर्थात रसियाले यो भन्दा अगाडी नै युक्रेनको क्रिमिया भन्ने शहर रुसमा गाभिसकेको छ । उक्त शहर त्यहाका जनताले जनमत सग्रहमा रुसमा गाभिने निर्णय गरेपछि गाभिएको थियो ।

उक्त जनमत सग्रहवाट जनताले रसियामा मिसिने जनमत दिएका थिए । जनमत सार्वजानिक भएको केही घण्टामा नै रसियाली सेनाले क्रिमिया कब्जा गरी क्रिमियालाई रसियामा गाभेको घोषण गरेको थियो ।



त्यही क्रिमिया शहरको आसपासमा रहेको केही भू-भागको बिषयमा युक्रेन र रसिया वीचको लडाई वाक युद्ध र भौतिक रुपमा नै सैनिक युद्ध शुरु भएको थियो । सोही बिषयले उग्ररुप लिदै हाल आएर रसियाले युक्रेनमाथि शक्तिशाली वमवारी हमला गर्नेसम्मको अवस्था आयो र लाखौ युक्रेनीहरुको भविष्य खतरामा परेको छ । युक्रेन छाडेर अन्यत्र शान्तिपुर्ण ज्यान बचाउन युक्रेन देश छाड्ने जनताको संख्या १५ लाँखभन्दा बढी रहेको बीबीसी न्युजले जनाएको छ ।

यो आकडा हेर्दा युक्रेनका लाखौ लाख युक्रेनी जनताको जीवन जोखिममा भएको सहजै अनुमान लगाउन सकिन्छ ।

युक्रेनका सरकारी भवनहरु बमबारुद्धले ध्वस्त भएका देखिन्छन् । युक्रेनको आकाशमा कालो धुवाको मुस्लो उडिरहेको छ । युक्रेनका मानिसहरु धेरै हताहत भएको भन्ने अनुमानहरु गरिएको छ । तर कति हताहत भए भन्ने एकिन अहिलेसम्म कतैवाट पुष्टि भएको छैन ।

**युक्रेनको युद्धले विश्वयुद्ध गराउन सक्ने संकेत**

दोस्रो विश्ययुद्ध पछि नेटो र सोभियत संघको शक्तिमा सोभियत संघ सुस्ताएको थियो नेटो अर्थात संयुक्त राज्य अमेरिकाको शक्ति बढेर गएको थियो । तर अहिले सोभियत संघमा आवद्ध राष्ट्रहरु स्वतन्त्र भइसकेका छन् । त्यसैमध्यको युक्रेन पनि एक हो । सोभित संघमा आवद्धहरु रुससँग आजभोलि रुसले विश्व

बाँकी ६ पृष्ठमा

# नेपाल बार एसोसिएसन अध्यक्षमा आठको उम्मेदवारी

काठमाडौं । नेपाल बार एसोसिएसनको २६ औं अधिवेशनबाट नयाँ केन्द्रीय समिति चयनका लागि आठ जनाले अध्यक्षका लागि उम्मेदवारी दर्ता गराएका छन् । अध्यक्ष चयनमा सत्ता गठबन्धनबाट उम्मेदवारी दिनुभएका वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे र प्रतिपक्षीबाट उम्मेदवारी दिनुभएका वरिष्ठ अधिवक्ता विश्वमणि अधिकारीबीच कडा प्रतिस्पर्धा हुने भएको छ ।

अध्यक्ष पदका लागि आठ जनाले उम्मेदवारी दर्ता गराएका मध्ये वरिष्ठ अधिवक्ता अमिता लक्ष्मी सैंजु, अधिवक्ता उद्धवचन्द्र घिमिरे, उत्तमबहादुर श्रेष्ठ, अनिता जधारी, कमलप्रसाद मलेगो, पृथ्वीनाथ राई रहनुभएको छ ।




त्यसैगरी सातै प्रदेशमा एक जना उपाध्यक्षका लागि पनि उम्मेदवारी दर्ता भएको छ । यीमध्ये प्रदेश एक उपाध्यक्षका लागि रोहित कुमार डाँगी, सुरज खत्री, मधेस प्रदेश उपाध्यक्षका लागि केशवप्रसाद दास, सुधीरकुमार कर्ण, वागमती प्रदेश उपाध्यक्षका लागि राजेन्द्र शर्मा, डिल्लीराम मैनाली, गणेश गिरी, हर्कबहादुर रावलले उम्मेदवारी दर्ता गराएका छन् ।

यता, गण्डकी प्रदेश उपाध्यक्षका लागि भुपेन्द्र खनाल, वीरेन्द्र केसी, लुम्विनी प्रदेश उपाध्यक्षका लागि वासुदेव ज्ञवाली, पशुपति भण्डारी, महेन्द्रप्रसाद पाण्डेय, कर्णाली प्रदेश उपाध्यक्षका लागि विष्णुप्रसाद तिमिल्सिना, उत्तमप्रसाद आचार्य, सुदूरपश्चिम प्रदेश उपाध्यक्षका लागि चंखबहादुर साउद, तुलाराम गिरी र महिला उपाध्यक्षका लागि रमा श्रेष्ठ, शान्ता पन्त, आशा राई, सानु शाक्यले उम्मेदवारी दर्ता गराएका छन् ।

बाँकी ६ पृष्ठमा

# सार्वजनिक यातायात केन्द्रीय महासंघद्वारा आन्दोलनका कार्यक्रम घोषणा

काठमाडौं । सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालले आन्दोलनको घोषणा गरेको छ । पेट्रोलियम पदार्थको मुल्यवृद्धी तत्काल फिर्ता लिई भाडा समायोजन गर्न माग गर्दै आन्दोलनको घोषणा गरेको हो । सोमबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरेर एक हप्ताभित्र समस्या समाधान नभएमा आगामी चैत्र १ गतेबाट आन्दोलनमा जाने घोषणा गरेको हो ।




महासंघले हाल कायम भाडा दरमा अन्तर प्रदेश र प्रदेश स्तरीय रुटमा न्युनतम २६ प्रतिशतले बृद्धि गर्न र ट्याक्सीको हकमा सुरुवाती ८० रुपैयाँ तथा भाडा प्रति मिटर ६० रुपैयाँदरले समायोजन गर्न सरकारसँग माग गरेको हो ।

महासंघका अध्यक्ष डोलनाथ खनालले अन्तिम पटक भन्दै सरकारलाई ७ दिनको समय अवधिमा माग सम्बोधन गर्न आग्रह गरेको बताए । उनले पेट्रोलियम पदार्थको मुल्य बृद्धिको आधारमा भाडा तत्काल समायोजन गर्न सरकारसँग माग गरे । अध्यक्ष खनालले विगतजस्तै आन्दोलनको निमित्त ७ दिने सरकारलाई अल्टिमेटम

बाँकी ६ पृष्ठमा

# चैत्र ५ गतेदेखि तेस्रो सुनापति गाउँपालिका अध्यक्ष कप प्रतियोगिता हुँदै


रामेछापको सुनापति गाउँपालिकामा तेस्रो सुनापति गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगिता हुने भएको छ । गाउँस्तरमा रहेको खेलाडीहरुको पहिचान र खेलाडीहरुको क्षमता विकासको उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको गाउँपालिकाका अध्यक्ष धावा लामाले जानकारी दिनुभयो ।




प्रतियोगिता आगामी चैत्र ५ गतेदेखि ८ गतेसम्म सञ्चालन हुने अध्यक्ष लामाले बताउनुभयो । प्रतियोगिता अन्तर्गत जिल्ला स्तरीय अन्तरपालिका पुरुष भलिबल प्रतियोगिता तथा ब्याडमिन्टन प्रतियोगिता सञ्चालन हुने छ । यस प्रतियोगिताको प्रथम पुरस्कार २ लाख रुपैयाँ नगदसहित ट्रफि मेडल र प्रमाण-पत्र रहेको गाउँपालिकाले जनाएको छ ।

द्वितीय पुरस्कार १ लाख रुपैयाँ नगद, ट्रफि मेडल र प्रमाणपत्र तथा तृतीय पुरस्कार ५० हजार रुपैयाँ नगद, ट्रफि मेडल र प्रमाण-पत्र रहेको छ भने सान्त्वना पुरस्कारमा २५ हजार रुपैयाँ नगदसहित ट्रफि र प्रमाण-पत्र रहेको छ । त्यसैगरी सर्वोत्कृष्ट खेलाडी १० हजार रुपैयाँ नगद सहित ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट स्पाइकर ५ हजार नगदसहित ट्रफि

बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# शक्तिशाली राष्ट्रहरुको बर्बरता कहिलेसम्म ?

अमेरिकाले इराक, अफगानिस्तानमा वमवारी गर्दा चुइक्क कोही काही बोल्दैन । रसियाले युक्रेनमा बमवारी गर्दा चुइक्क कोही, काही बोल्दैन । त्यो राष्ट्रसंघ किन बनाएको रहेछ ? हुन त त्यस राष्ट्रसंघमा पनि यिनै राष्ट्रहरु भिटो प्रयोग गर्ने सदस्य राष्ट्रहरु हुन् । यस्त भिटो प्रयोग गर्न पाउने राष्ट्रहरु त मानवता प्रति झनै जिम्मेवार र जवाफदेही हुनुपर्ने हो ।

तर त्यस्तो देखिदैन । शक्तिशाली राष्ट्रहरुले नै मानवतामाथि अनेक बाहनामा बर्वरता गरेका छन् । अमेरिकाले अफगानिस्तानमा गरेको आकाशबाट बमवारी होस् वा रसियाले गरेको युक्रेनको आकाशबाट गरेको बमवारी किन नहोस् ति बमवारीवाट विभत्स जिउदै जल्दै मारिका निहत्था मानिसहरुको चित्कारले त्यही नै भन्छ । आकाशमा उडेको धुवामा मानिस पोलिएको गन्ध आउँछ । यो जतिको पासविक र मानवता माथिको अपराध अरु के हुन सक्छ ।

राष्ट्रसंघमा भिटो प्रयोग गर्न पाउने अन्य राष्ट्रहरु के हेरेर बस्छन् कि उनिहरु पनि आफ्नो स्वार्थ पूर्ति गर्नमात्र भिटो प्रयोग गर्ने सदस्य राष्ट्र बनेका हुन् ? यदि त्यस्तो होइन भने विश्वका साना र कमजोर राष्ट्रका जनता माथि भईरहेको बर्बतामा किन चुप बस्छन् ? कमजोर राष्ट्रका राष्ट्र प्रमुखले गल्ती गऱ्यो होला त्यसलाई पर्केर अन्तराष्ट्रिय अदालतमा उभ्याउनको लागि अन्तराष्ट्रिय कानुन, अदालतको ब्यवस्था पनि राष्ट्रसंघले गरेको छ । यस्ता विकल्पहरु अपनाउनुको सट्टा शक्ति राष्ट्रहरुले आवेगमा आएर ति कमजोर राष्ट्रका राष्ट्र प्रमुखले गरेको गल्तीको बदला लिन त्यस देशका सर्वसाधरण मार्ने गरी बमवारी गर्ने काम मानवता माथिको जघन्य अपराध हो । त्यसमाथि पनि विरामी अपचार गराईरहेका अस्पताल, बालबालिका खेलिरहेका स्कुल, कलेजमा भएका आक्रमण त झनै महाअपराध हुन् ।

यस्तो काम शक्तिशाली राष्ट्रहरुबाट नै भएको छ । यो विश्वका मानवहरुको लागि सहन सक्ने विषय होइन । तर मानव चेत भएको मानिस पनि हो । जो मुर्खदेखि दैव डराउँछ भने जस्तै राक्षेस जस्ता ब्यवहार गर्ने शक्तिशाली राष्ट्रहरु विरुद्ध वोल्नसमेत डराउनु पर्ने अवस्था सृर्जना भएको छ ।

इतिहासहरु हेर्दा त्यस्तै देखिन्छ । प्रथम विश्वयुद्ध, दोस्रो विश्वयुद्धमा सोभित संघ र संयुक्त राज्य अमेरिकाको खेमाको कित्ताकाट छुट्याएर उभिदा साना र कमजोर राष्ट्रहरु पनि युद्धको भुमरीमा परेका थिए ।

त्यही भएको हुनाले पनि साना र कमजोर राष्ट्रहरु अमेरिकाले गर्ने बमवारी र रसियाले गरिरहेको बामवारीमा चुप लागेर बसेका होलान् भन्ने अनुमान छ ।

यस्तै अवस्था मात्र आइरहने समस्याको सावधान संयुक्त राष्ट्रसंघमा आवद्ध सदस्य राष्ट्रहरुले मानवतामाथिको अन्याय, अत्याचारको विरुद्ध नवोल्ने मानवतामाथि गरिने अपराधलाई कानुनी कठघरमा नउभ्याउने हो भने संयुक्त राष्ट्रसंघको औचित्य प्रश्न उठाउनुपर्छ ।

राष्ट्रसंघको परिकल्पना पनि कमजोर राष्ट्रहरुलाई कुनै शक्तिशाली राष्ट्रहरुले अन्याय अत्यचार गरेको खण्डमा संयुक्त रुपमा त्यो अन्यायअत्याचार गर्ने त्यस राष्ट्रलाई त्यस्तो जघन्य कार्य नगर्न पहल गर्ने नमानेमा संयुक्त रुपमै तह लगाउन बनेको राष्ट्रसंघमा आवद्ध सदस्य राष्ट्रहरुको कर्तब्य हो भनि उल्लेख गरिएको छ । राष्ट्रसंघको घोषणपत्रहरुले त्यही भन्छ ।

यो कर्तब्य कुनैपनि सदस्य राष्ट्रहरुले सदुपयोग गरेको देखिदैन । साना र कमजोर राष्ट्रहरुले आट गरेनन् भने सत्यको पक्षमा भिटो प्रयोग गर्न सक्ने शक्तिशाली राष्ट्रहरु जस्तै चीन, फ्रान्स, वेलायत, अमेरिका, रुसले विश्वलाई आव्हान गर्न सक्ने बिकल्पहरु हुन् । तर त्यही रुस र अमेरिकाले त साना र कमजोर राष्ट्रहरुमाथि निरन्तर आक्रमय गरिरहेका छन् । यि अमेरिका र रुस वाहेक अन्य भिटो प्रयोग गर्न सक्ने राष्ट्रहरुले त पहल गर्नुपर्दथ्यो । त्यो गरेको देखिदैन ।

अहिलेसम्म विश्वमा दोस्रो विश्वयुद्धपछि अमेरिका र रसियाले बढि आक्रमण गरिरहेका छन् । अरुको राष्ट्रमाथि अन्धाधुन्ध बम, बारुद्ध फालेर मानिस मार्नमा कहिले आतंङ्कारी लुकेको नाममा वा आतङ्कारीलाई संरक्षण दिएको नाममा किन नहोस् ।

यसरी बाहनावाजी गरेर सर्वसाधरण जनतामाथि बमवारी गर्ने काम बन्द गर्न विश्वका सवै संयुक्त राष्ट्रसंघमा आवद्ध सदस्य राष्ट्रहरुले आव्हान गर्नुपर्छ । यदि सत्य, न्याय र मानवताको पक्षमा आवाज उठाउन र शक्तिशाली राष्ट्र भएकै कारण अपराध गर्ने छुट दिने हो भने संयुक्त राष्ट्रसंघ विघटन गरिदिए हुन्छ । विश्वका जनताले यहि बुझ्न थालेका छन् । त्यसैले जिम्मेवार राष्ट्रहरु जसले भिटो प्रयोग गर्ने अधिकार राख्छन् । र सदस्य राष्ट्रहरु जो साना भइकन पनि मध्यस्तको महत्वपूर्ण भूमिका खेल्न सक्छन सवैले मिलेर विश्वका साना राष्ट्रहरुमाथि भइरहेका अमानवीय काम बन्द गराउनुपर्छ । यो काम छिट्टो गर्नुपर्ने देखिन्छ ।

# महिला सशक्तीकरणको मौन क्रान्ति

**इला शर्मा**

महिलाको समानुपातिक एवं सार्थक राजनीतिक सहभागिताको उपलब्धि एक दिनमा हुने कुरा होइनरु। यसका लागि संविधान, नीति, ऐन, नियम र जनचेतना समेतबाट धरातलीय पृष्ठभूमिसहितको आधारशिला तयार गर्नुपर्छरु। निर्णायक तहमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्ने हो भने सम्बद्ध आरक्षणसँगसँगै आधारभूत तहदेखि नै सबै तहमा महिलाको क्रान्तिक द्रव्यमान हुनु आवश्यक छ, अनि मात्र सर्वोच्च र उच्च पदहरूमा महिलाको उपस्थिति स्वाभाविक हुन्छ, जैविक हुन्छ र दिगो हुन्छ ।

आरक्षणबारे तर्कहरू सुनिन्छन– मेरिटोक्रेसीको हत्या भयो, न्यायपूर्ण भएन, असली हकदार होइनन्, त्यही वर्गको तरमारा वर्गले मात्र फाइदा लियोरु। अर्कातिर आरक्षणको पक्षमा सुनिन्छ– महिलालाई एकैचोटि माथिल्लो तहमा किन ल्याइएनरु? आजभन्दा बीस वर्षअघि पनि माग सुनिन्थे– महिला प्रधान सम्पादक हुनुपऱ्यो, महिलाको नियुक्ति सबैभन्दा उपल्लो तहमा हुनुपऱ्योरु। अनि सुनिन्थ्यो– निर्वाचन व्यवस्थापनमा महिला खोइ ? यी सबै प्रश्नको हल एकै दिनमा वर्षौंअघि सम्भव थिएन ।

तर त्यति बेलादेखि उठेका प्रश्नहरू अहिलेसम्म जायज छन्रु। आखिर आधीभन्दा बढी जनसंख्या हुने महिला किन त्यही अनुपातमा मुख्य धारमा देखिँदैनन्रु? किन महिलाले गर्ने भनेर केही पेसा छुट्याइएको जस्तो लाग्छ; जस्तो कि– प्राथमिक शिक्षिका, स्वास्थ्य परिचारिका, प्रसूति सम्बन्धी डाक्टर, नौदेखि पाँचसम्मका अन्य परम्परागत जागिर इत्यादिरु? चालक, प्लम्बर, बिजुली मिस्त्री, डकर्मी, सिकर्मी, मेकानिक महिला नहुने तर निर्माण कार्यमा ज्यामीचाहिँ महिला हुनेरु? घरमा सधैं भात पकाउने महिला तर सेफ भने पुरुष, गार्मेन्ट सिलाउने महिला तर कटिङ मास्टर पुरुष । जुनजुन पेसामा बढी इज्जत, प्रतिष्ठा र पैसा छ, ती सबै पुरुषले ओगटेको जस्तो देखिने हाम्रो समाज, जहाँ परिवर्तन त हुँदै छ तर गति ढिलो छ ।

त्यस्तै मूलधारको कुरा गर्दा राजनीतिमा भोट दिने महिला तर उम्मेदवार हुनेचाहिँ बढी पुरुष किन भनी प्रश्न गर्ने बेला आएको छ । उपल्लो र सबैभन्दा माथिको दर्जामा महिलाको नियुक्तिको पूर्वसर्त हो– मूलप्रवाहीकरणरु। समयबद्ध आरक्षणले परिवर्तनलाई गति त दिन्छ तर परिवर्तनलाई दिगोपन मूलप्रवाहीकरणले मात्र दिन सक्छरु। संवैधानिक र कानुनी संरचना पर्याप्त बनिसकेका छन्, अब गुणात्मक परिणामका लागि राम्रो अभ्यासको आवश्यकता छरु। नेपालको संविधानले नै राजनीतिक दलहरूका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधता प्रतिविम्बित हुने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गर्नु एवं निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी आफ्ना सदस्यहरूमध्येबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु भनेको छरु। योसँगसँगै राजनीतिक दल सम्बन्धी ऐनले दलका सबै तहको समितिमा कम्तीमा एकतिहाइ महिला सदस्य हुनुपर्ने एवं निर्वाचन आयोगले यसको अनुगमन गर्न सक्ने भनेको छ ।

सबै दलको महाधिवेशन सकिएको अवस्थामा अब समितिहरूको विवरण निर्वाचन आयोगलाई बुझाउने क्रममा दलहरू छन्रु। अबदेखि कम से कम ऐन अनुसार राजनीतिक दलहरूमा 'सबै तहका समितिमा एकतिहाइ महिला' सुनिश्चित हुनेछन् र यो अभ्यास पनि छिटै संस्थागत हुनेछ ।

जनप्रतिनिधित्वलाई समानुपातिक एवं समावेशी बनाउने उद्देश्यले २०६४ देखि मिश्रित समानान्तर निर्वाचन प्रणाली अवलम्बन गरिएको थियोरु। २०७० सालमै निर्वाचन आयोगबाट निर्वाचन व्यवस्थापनमा लैंगिक तथा समावेशी नीति जारी भई कार्यान्वयनमा छ । नेपालको संविधानले वडा तहमा स्थानीय तहको वडा समिति एवं गाउँ कार्यपालिका र नगर कार्यपालिकामा महिला, दलित, अल्पसंख्यक समुदायको प्रतिनिधित्व सुनिश्चित गरेको छ भने स्थानीय निर्वाचन ऐनमा स्थानीय तहको निर्वाचनमा राजनीतिक दलका तर्फबाट उम्मेदवारको मनोनयन पेस गर्दा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख पदमा कम्तीमा ५० प्रतिशत महिला उम्मेदवार रहनुपर्ने व्यवस्था छ ।

संविधानमा प्रदेशसभा र प्रतिनिधिसभाका लागि समानुपातिक प्रणालीतर्फ महिलाको उम्मेदवारी ५० प्रतिशत एवं प्रदेशसभा र संघीय संसद्मा महिला प्रतिनिधित्व कम्तीमा एकतिहाइ रहनुपर्ने व्यवस्था छ ।

राष्ट्रिय सभामा कम्तीमा २१ महिला निर्वाचित हुने र राष्ट्रपतिबाट मनोनीत हुने ३ जनामध्ये कम्तीमा १ महिला हुनुपर्ने; राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, प्रतिनिधिसभाका सभामुख र उपसभामुख, प्रदेशसभाका सभामुख र उपसभामुख पदमा एक महिला हुनुपर्ने संवैधानिक प्रावधान छ ।

संविधानमै राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरकफरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था छ भने राष्ट्रिय सभा निर्वाचन ऐनले बढी समावेशिता सम्भव हुने एकल संक्रमणीय मत प्रणाली अंगीकार गरेको छ ।

संविधानको मर्म अनुसार निर्वाचन कानुनमा गरिएको सकारात्मक कानुनी प्रावधानका कारण २०७४ सालको स्थानीय तह निर्वाचनका ७५३ उपमेयर/उपप्रमुख पदमध्ये ७०० स्थानमा महिला निर्वाचित भएका थिए । प्रतिशतका हिसाबले यो संख्या कुल निर्वाचित स्थानको ९३ प्रतिशत होरु। यसको दुई किसिमले आलोचना भयो । एक थरीले भने– यसको केही फाइदा छैन, सबै महिला आखिर कठपुतली न बन्ने हुन्, उनीहरू परिवारका पुरुषबाट सञ्चालित हुन्छन्रु। अर्का थरीले भने– सबै उपाध्यक्ष र उपमेयर पदमा मात्र दलहरूले महिलालाई उम्मेदवार बनाउनेछन् र भयो पनि त्यस्तै । तर सँगसँगै महिला उम्मेदवारहरूप्रति काव्यात्मक न्याय के भयो भने संविधानको आठौं अनुसूचीले स्थानीय सरकारको न्यायिक समिति र आर्थिक समितिको जिम्मेवारी उपमेयर/उपप्रमुखलाई दिएको हुनाले ९३ प्रतिशत निर्वाचित महिलाले यो गहन जिम्मेवारी वहन गरे ।

महिलाले जान्दैनन्, सम्हाल्न सक्दैनन् भनेर आलोचना गर्नेहरूलाई मेरो जवाफ हुन्थ्यो, 'शताब्दिऔंदेखि मुख्य शासन प्रबन्धनमा स्थान नपाएको वर्गले एकैचोटि कसरी पुरुषले जस्तै नेतृत्व सम्हाल्छरु? एकदुई निर्वाचन कुर्नुस्, अनि हेर्नुहोला ।' हाम्रो संवैधानिक प्रावधान, सो अनुसारका ऐननियमद्वारा सहजीकरण र कतिपय अवस्थामा स्थानीय तहदेखि नै गरिएको अनिवार्य आरक्षण व्यवस्थाका कारण देश र समाजमा महिलाको राजनीतिक सशक्तीकरणको एउटा यस्तो मौन क्रान्ति भइरहेको छ जसको प्रभावको आकलन हामीले अहिले गर्न सकेका छैनौं ।

महिलाको राजनीतिक नेतृत्वलाई दिगो र प्रांगिक बनाउने हो भने सहभागिता बढाउनुको विकल्प छैन । जबसम्म महिला सहभागिताले क्रान्तिक द्रव्यमान प्राप्त गर्दैन, राजनीतिक नेतृत्वको उपलब्धि कहिले कुनै संयोगले होला तर आधिकारिक उत्तराधिकार हुन सक्दैन ।

पर्याप्त संवैधानिक र कानुनी संरचना बनिसकेको आजको अवस्थामा यदि हामी महिलाको समानुपातिक र समावेशीसँगसँगै सार्थक राजनीतिक प्रतिनिधित्व चाहन्छौं भने अहिलेको परिस्थितिको नारा 'भोट मात्र दिने होइन, स्थानीय सरकारदेखि सबै तहका सरकारको चुनावमा बढीभन्दा बढी उम्मेदवारी' हुनुपर्छ ।

> संविधानको मर्म अनुसार निर्वाचन कानुनमा गरिएको सकारात्मक कानुनी प्रावधानका कारण २०७४ सालको स्थानीय तह निर्वाचनका ७५३ उपमेयर/उपप्रमुख पदमध्ये ७०० स्थानमा महिला निर्वाचित भएका थिए । प्रतिशतका हिसाबले यो संख्या कुल निर्वाचित स्थानको ९३ प्रतिशत होरु। यसको दुई किसिमले आलोचना भयो । एक थरीले भने– यसको केही फाइदा छैन, सबै महिला आखिर कठपुतली न बन्ने हुन्, उनीहरू परिवारका पुरुषबाट सञ्चालित हुन्छन्रु। अर्का थरीले भने– सबै उपाध्यक्ष र उपमेयर पदमा मात्र दलहरूले महिलालाई उम्मेदवार बनाउनेछन् र भयो पनि त्यस्तै । तर सँगसँगै महिला उम्मेदवारहरूप्रति काव्यात्मक न्याय के भयो भने संविधानको आठौं अनुसूचीले स्थानीय सरकारको न्यायिक समिति र आर्थिक समितिको जिम्मेवारी उपमेयर/उपप्रमुखलाई दिएको हुनाले ९३ प्रतिशत निर्वाचित महिलाले यो गहन जिम्मेवारी वहन गरे । महिलाले जान्दैनन्, सम्हाल्न सक्दैनन् भनेर आलोचना गर्नेहरूलाई मेरो जवाफ हुन्थ्यो, 'शताब्दिऔंदेखि मुख्य शासन प्रबन्धनमा स्थान नपाएको वर्गले एकैचोटि कसरी पुरुषले जस्तै नेतृत्व सम्हाल्छरु? एकदुई निर्वाचन कुर्नुस्, अनि हेर्नुहोला ।' हाम्रो संवैधानिक प्रावधान, सो अनुसारका ऐननियमद्वारा सहजीकरण र कतिपय अवस्थामा स्थानीय तहदेखि नै गरिएको अनिवार्य आरक्षण व्यवस्थाका कारण देश र समाजमा महिलाको राजनीतिक सशक्तीकरणको एउटा यस्तो मौन क्रान्ति भइरहेको छ जसको प्रभावको आकलन हामीले अहिले गर्न सकेका छैनौं ।

# जब सेन्टरको नाममा ठगी गर्ने ९ जना पक्राउ

काठमाडौं । उपत्यकाको विभिन्न स्थानमा जब सेन्टरहरु स्थापना गरी विभिन्न काममा जागिर लगाईदिने बहानामा ठगीमा गरेको अभियोगमा काठमाडौंको कोटेश्वर, नयाँबानेश्वर, चाबहिल, बालाजु लगायतका स्थानबाट ९ जनालाई आइतबार महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं नयाँ बानेश्वरस्थित सोसाइटी वेलफेयर फ्यासिलिटिज म्यानेजमेन्ट सर्भिसेस प्रालिका सञ्चालक अर्घाखाँची छत्रदेव गाउँपालिका ६ ठुलापोखरी घर भई भक्तपुर लोकन्थली बस्ने २६ वर्षीय अमर पाण्डे, अर्घाखाँची छत्रदेव गाउँपालिका ६ घर भई हाल काठमाडौं पेप्सिकोला बस्ने ३२ वर्षीय तिलकराम पाण्डे, काठमाडौं बालाजुस्थित दुध पोखरी जब प्लेसमेन्ट एण्ड ट्रेनिङ सेन्टरका सञ्चालक ललितपुर दुधपोखरी गाउँपालिका(२ घर भई हाल काठमाडौं तारकेश्वर नगरपालिका जरखु बस्ने २२ वर्षीय आनन्द मरहा, काठमाडौं कोटेश्वरस्थित एनएन मल्टिपर्पोज प्रालिका सञ्चालक सिरहा, सिरहा नगरपालिका १९

घर भई हाल ललितपुर सानोगाँउ बस्ने २३ वर्षीय विवेक यादव, काठमाडौं महानगरपालिका ३२ आकाशेपुलस्थित एबिएस जब एण्ड ट्रेनिङ सेन्टर प्रालि र हलेसी सेक्युरिटी सर्भिस प्रालिका सञ्चालक ओखलढुङगा सिद्दिचरण नगरपालिका ३ अधेँरी घर भई हाल काठमाडौं कपन बस्ने २८ वर्षीय अश्विन राई, काठमाडौं कोटेश्वरस्थित सिन्धु रोजगारी सेवाका सञ्चालक सिन्धुली फिक्कल गाउँपालिका २ घर भई हाल काठमाडौं जडिबुटी बस्ने २२ वर्षीय घनश्याम पहाडी, काठमाडौं चाबहिलस्थित प्राश्ना जब ईन्टरनेशनल मल्टिप्रपोज प्रालिका सञ्चालिका रौतहट चन्द्रपुर नगरपालिका( ४ घर भई हाल काठमाडौं जडिबुटी बस्ने २५ वर्षीया सृजना लामिछाने, काठमाडौं कोटेश्वरस्थित क्विकमाण्डु एमपि प्रालिका सञ्चालिका मोरङ विराटनगर उपमहानगरपालिका(४ घर भई हाल काठमाडौं कोटेश्वर बस्ने ४० वर्षीया ज्ञानु न्यौपाने र काठमाडौं कोटेश्वरस्थित अनमोल जब मल्टिपल प्रालिका सञ्चालक रौतहट मौलापुर गाउँपालिका ५ घर भई हाल काठमाडौं कोटेश्वर बस्ने २२ वर्षीय रामवचन कुमार यादव रहेका छन् ।

प्रारम्भिक अनुसन्धानको क्रममा उल्लेखित जब सेन्टरहरुले विभिन्न स्थानमा जब प्लेसमेन्ट कम्पनिहरु दर्ता गर्ने र उक्त कम्पनिहरुले सामाजिक सञ्जाल, पत्रपत्रिका, प्रचारपम्प्लेटका माध्यमबाट घरमै बसी जागिर मिल्छ भनि प्रचारप्रसार गर्ने तथा जागिरका लागि उक्त जब सेन्टरको सम्पर्कमा आउने व्यक्तिहरुलाई फाराम भर्ने बहानामा ३ सय देखि ५ सय रूपैयाँसम्म फाराम चार्ज तथा १ हजार देखि ६ हजार रूपैयाँसम्म

जब ग्यारेन्टि शुल्क लिने गरेको खुल्न आएको छ । साथै फाराम भर्ने व्यक्तिहरूलाई विज्ञापनमा उल्लेखित शर्त बमोजिमको काममा नलगाउने तथा जागिरमा लगाई हाले पनि तोकिए बमोजिम तलब र सुबिधा नदिई केहि समयमानै उक्त जागिर छोड्न बाध्य बनाउने र कुनै एक जब सेन्टरमा फाराम दर्ता गरिसकेको व्यक्तिलाई तपाईको जागिर पक्का भइसकेको भनि एक जब सेन्टरबाट अर्को जब सेन्टरमा पठाई त्यहाँ समेत फाराम शुल्क असुल्ने गरेको खुल्न आएको छ । उनीहरूलाई आवश्यक कारबाहीको लागि महानगरीय प्रहरी वृत्त नयाँबानेश्वर र बालाजुमा पठाइएको छ ।

# आधा आकाश ढाक्ने महिलाका शक्ति

विश्वनाथ खरेल

सृष्टिको उषाकालदेखि नै पुरुष नारीको समान रूपले सहभागिता रहिआएको पाइन्छ। नारी र पुरुषको निकटतम सहचरी हो। यसरी अभिन्न रूपले जीवनको प्रत्येक पाइलामा पुरुष नारी जातिको साहचर्य देखिन्छ। विश्व कुल जनसंख्याको आधा भाग नारीवर्गले ओगटेको छ। यसरी नारी र पुरुष एक रथका दुई पांग्रा हुन् भन्ने कुरा सर्वविदित्तै छ। यिनीहरूबीच परस्पर गहिरो सम्बन्ध हुनुपर्छ। जसले गर्दा विकासको चौतर्फी गतिलाई अगाडि बढाउन सहयोग पु(याउँछ। यसै परिप्रेक्षलाई अवलोकल गरी सर्वप्रथम सन् १९४६ मा संयुक्त राष्टू संघद्वारा गठित महिलासम्बन्धी छुट्टै आयोगको गठन भयो। यसको स्थापनाकालदेखि नै महिलाको हक, समानता र अधिकारको आवाज उठाउँदै आएको कुरालाई नकार्न सकिन्न यसै क्रममा संयुक्त राष्टू संघको साधारण सभाले सन् १९४८ डिसेम्बर १० मा जारी गरेको धोषणा पत्रले लिंगका आधारमा भेदभाव नगर्ने, दासीको व्यापार निषेध गर्ने, जात राष्टि्रयता वा धर्म भेदभाव बिनावयस्क स्त्री पुरुषलाई आपसमा विवाह र परिवार स्थापना गर्ने अधिकार हुने, विवाहको इच्छा राख्ने स्त्री पुरुषको पूर्ण केही कानुनी मान्यता रहेको महत्वपूर्ण प्रस्ताव पेस गरेको थियो। यसर्थ नारी वर्गलाई जागरुक पार्ने उद्देश्यले पाकिस्तानको राजधानी इस्लामावादमा सम्पन्न भएको सार्क राष्टूको चौथो शिखर सम्मेलनले सन् १९९० लाई ‘सार्क बालिका वर्ष’ घोषित गरी मनायो। यसले पनि नारी शिक्षाप्रतिको भावनालाई संस्थागत मान्यतातर्फ उन्मुख गरी उच्च मनोबल प्रदान गर्न सहयोग पुर्‍यायो।

सन् १९७५ लाई संयुक्त राष्टू संघले अन्तर्राष्टि्रय नारी वर्ष विश्वव्यापी रूपमा मनाउन घोषणा गरेको थियो। यसै क्रममा उक्त संघले सन् १९७६ देखि सन् १९८५ सम्मलाई महिला दशकका रूपमा मनायो। यसले गर्दा नारी जगत्मा केही सुधारको आभाष ल्यायो। मूलतः गरिबी, शोषित, अशिक्षा आदिको कारण अधिकांश महिलाले दुःख र पीडा भोग्नुपरेको स्थितिलाई मध्यनजर राखी विभिन्न समयमा अन्तर्राष्टि्रय महिला सम्मेलन हुँदै आएको छ। प्रत्येक पाँच वर्षको अन्तरालमा विश्व महिला सम्मेलन सन् १९७५ देखि हुँदै आएको छ। सर्वप्रथम सन् १९७५ मा मेक्सिकोमा प्रथम विश्व महिला सम्मेलन, सन् १९८० मा कोपेन हेगनमा दोस्रो, सन् १९८५ मा नैरोवीमा तेस्रो र सन् १९९५ मा चीनको राजधानी बेइजिङमा चौथो विश्व महिला सम्मेलन सम्पन्न भयो। यसलाई उपलब्धिमूलक एक महत्वपूर्ण ऐतिहासिक कदम मान्न सकिन्छ।

समाजको विकास तथा निर्माणमा नारीको योगदान अग्रणी हुन्छ। नारी शक्तिलाई देश विकासको कार्यमा समावेश गर्न सकिएको छैन भने त्यस देशको विकासको गति अत्यन्त मन्द हुन्छ। अतः नारी शिक्षित भए भने सम्पूर्ण समाज नै लाभन्वित हुन सक्तछन्। यसै अवसरमा इमर्सनले भनेका छन्, ‘एक पुरुषलाई शिक्षा दिनु एक व्यक्तिलाई शिक्षा दिनु बराबर हो तर एक स्त्रीलाई शिक्षा दिनु सम्पूर्ण परिवारलाई नै शिक्षा दिनु हो।’ तसर्थ, संसारका विभिन्न ठूला तथा साना राष्टूमा समेत नारी स्वतन्त्रताका लागि ठूलो संघर्ष गर्नुपरेको थियो। अपितु नेपालका नारीवर्गले भने यसरी स्वतन्त्रताका लागि ठूलो संघर्ष गर्नुपरेको छैन। २००७ साल अगाडिसम्म नेपाली नारीवर्गलाई एउटा सीमित दायराभित्र खाली भात भान्सामा मात्र सीमित गरिएको थियो। यसरी आधाआकाश ओगटेका नेपाली महिलासामु धेरै चुनौती छन्। यसमा भन्ने हो भने सबैभन्दा प्रमुख चुनौती भनेको शिक्षा नै हो। यसर्थ हेर्ने हो भने शिक्षाबाट वञ्चित हुने महिलाको संख्या पनि कम छैन। यसमा पनि अर्कोतिर हेर्ने हो भने विद्यालय जान नपाएका बालिकाको संख्या पनि त्यतिकै छ। आज पनि जति पनि महिना विद्यालय जाने अवसर पाएका छन् तिनले शिक्षा आर्जन गर्न आवश्यक वातावरण विद्यालय र घर दुवैतिर पाउन सकेका छैनन्।

हाम्रो देशको कुल जनसंख्याको करिब आधा भागभन्दा बढी ओगटेको नारी स्थिति केलाएर हेर्ने हो भने यो जगत् ज्यादै पिछडिएको सामाजिक रुढीबाढीमा अल्झिएको र कुरीतिले जकडिएको पाउँछौ। सबै क्षेत्रपछि परेको कारणले नै नेपालको विकासमा नारीवर्गको सहभागिता पनि नगण्य रहने गरेको पाइन्छ। यसको निराकरणका लागि पुरुषसरह अवसर प्रदान गर्ने उद्देश्यले हालै महिला मन्त्रालय समेत गठन भइसकेको छ। यसका साथै अर्को पाटो भनेको आर्थिक सशक्तीकरण महिलाले हिंसाबाट उन्मुक्ति पाउने अर्को आधार पनि हो। जब उनलाई घरबाट बाहिर निस्कनै दिइन्न, चुलोचौकामा सीमित हुन बाध्य बनाइन्छ, खेतीपाती र गाईवस्तुको स्याहार थपिन्छ, त्यसमाथि ज्येष्ठ नागरिकको स्याहार, बालबच्चाको सुसार जस्ता पारिश्रमिकबिनाको सेवामूलक कार्यले उत्तिकै व्यस्त बनाउँछ।

यस्तो कामको न मूल्यांकन हुन्छ न त यसलाई आर्थिक कसीमै राखेर हेर्ने गरिन्छ। वाक्यांश नै महिलाको शिरमाथि झुन्ड्याइएको तरबार साबित हुँदै आएको छ, कुन बेला कस्ने हो र खत्तम भइने हो भन्ने त्रासले सताउँदै आएको छ। यसबाट नारी र पुरुषको हातेमालेबाट देश विकासको अभियानमा नयाँ आयाम थपिने विश्वास राख्न सकिन्छ। यसै तथ्यलाई दृष्टि दिएर प्रत्येक साल मार्च ८ तारिखलाई नारी दिवसको रूपमा मनाउने संयुक्त राष्टू संघको आह्वानमा २०७८ साल फागुन २४ गते (मार्च ८, २०२२) लाई ११२औं नारी दिवस भव्यताका साथ मनाउन रोचक तथा रचनात्मक कार्यक्रम आआफ्नो क्षेत्रमा तय भइसकेका छन्।

समावेशी र समानुपातिकताको सुनौला अवसर सदुपयोग गरी महिलावर्ग राष्ट्र विकासको मूल प्रवाहमा एकजुट हुनुपर्ने देखिन्छ

समष्टिगत रूपमा हेर्दा कुनै पनि राष्ट्रको विकास गतिलाई अगाडि बढाउन नर रनारीको आपसी सहयोग खट्किएको कुरालाई नकार्न सकिन्न। यसरी नारीवर्गको उत्थानका लागि ग्रामीण इलाकामा बसोबास गर्ने नारीको जनसंख्या मध्यनजर राख्दा यिनीलाई जागरुक गराई विकासको कार्यमा सहभागी बनाउनुपर्ने समयको आवश्यकता ठहर्छ। त्यसका लागि महिला जागरण अभियानसम्बन्धी प्रचार प्रसार, प्रतियोगिता, गोष्ठी, लेख/रचना, रेडियो, टिभीबाट दिनुको साथै प्राथमिक स्तरदेखि नारी शिक्षामा जोड, छोरा र छोरीलाई समान शिक्षादीक्षा दिने, हालको वैवाहिक उमेर बढानुपर्ने आदि छन्।

यी माथि उल्लेखित कुराबाट यो ज्ञात हुन आउँछ कि नारी र पुरुषको संयुक्त प्रयासबाट मात्र देश विकास हुन सक्छ। यो सुनौला अवसरको सदूपयोग गरी महिलावर्ग राष्ट्र विकासको मूल प्रवाहमा एकजुट हुनुपर्ने देखिन्छ। यसै सन्दर्भमा परिणामस्वरूप संघीय र प्रदेश संसद्मा एकतिहाइ महिलाको उपस्थिति सम्भव भएको छ। संविधानतः समानुपातिकतर्फबाट त्यसको क्षतिपूर्ति गर्दै ३३ प्रतिशत पुर्‍याउन दल बाध्य छन। यसले गर्दा लैंगिक प्रतिनिधित्वका दृष्टिले नेपाल कयौं प्रजातान्त्रिक र विकसित मुलुकभन्दा अघि छ। मूलतः अन्तर्राष्टि्रय पार्लियामेन्ट्री युनियन (आईपीयू)द्वारा प्रकाशित १ सय ९२ मुलुकको पछिल्लो तथ्यांकअनुसार संसद्मा महिला प्रतिनिधित्वको हिसाबले नेपाल विश्वको ३६औं स्थानमा पर्छ।

यसर्थ स्थानीय तहमा झन्डै ४१ प्रतिशत जनप्रतिनिधि महिला छन। दलले पालिका प्रमुख र उपप्रमुखमध्ये एकमा महिलालाई उम्मेदवार बनाउनुपर्ने अनिवार्य व्यवस्था छ। यसको साथसाथै निजामती कर्मचारीमा पनि महिलाको हिस्सा बढ्दै छ।

अतः निजामती सेवा ऐनले ४५ प्रतिशत आरक्षित सिटमध्ये ३३ प्रतिशत महिलालाई छुट्याएको छ। यसरी २०७४ सालमा प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फको निर्वाचनमा देशभर झन्डै २ हजार जना चुनाव उठ्दा महिला उम्मेदवारी ७ दशमलव ४ प्रतिशत मात्रै थियो, जसका कारण १ सय ६५ क्षेत्रमध्ये छ स्थानबाट मात्रै महिला विजयी भएका थिए।

राजधानी दैनिक

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी


एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।

“सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।”
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

## हुण्डी कारोबारमा संलग्न २ जना डेढ करोड रकमसहित पक्राउ

काठमाडौं। काठमाडौं महानगरपालिका १३ ताहचलबाट हुण्डी कारोबारमा संलग्न २ जनालाई डेढ करोड रूपैयाँसहित प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका १९ टङ्केश्वरी ठेगाना भई कीर्तिपुर नगरपालिका ३ बस्ने २४ वर्षीय बिक्की खड्गी र काठमाडौं महानगरपालिका १३ ताहचल बस्ने भारत प्रान्त पश्चिम बङ्गाल दार्जलिङ सिलिगुरी ठेगाना भएका ३२ वर्षीय अमित कुमार अग्रवाल रहेका छन्।

काठमाडौं महानगरपालिका १३ ताहचल डेरा गरी काठमाडौंको मख्खनमा बिमला इन्टरनेशनल प्रालि सञ्चालन गरी नक्कली गरगहनाको होलसेल कारोबार गरी बस्ने अमित कुमार अग्रवाल समेतका व्यक्तिहरूले राजस्व छली गैरकानूनी रूपमा हुण्डी मार्फत वित्तिय कारोबार गर्दै आइरहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## जिल्ला अस्पताल रामेछापमा ४ दिने निशुल्क स्वास्थ्य शिविर सोमवारबाट

रामेछाप। रामेछाप जिल्लाको जिल्ला अस्पताल रामेछापमा आजदेखी निशुल्क स्वास्थ्य शिविर सुरु भएको छ। नेप अस एशोसिएसन एण्ड नेप अस डेन्टल काठमाडौँको प्रायोजन,स्वास्थ्य कार्यालय,जिल्ला अस्पताल र रामेछाप नगरपालिकाको आयोजनामा निशुल्क स्वास्थ्य शिविर सन्चालन गरिएको हो। सोमवार शिविरमा ३५८ जनाले सेवा लिएका छन। दन्त परीक्षण तथा उपचारमा २३० जना र हार्डजोर्नीमा १२८ जनाले सेवा लिएको जिल्ला अस्पताल विकास समितीका अध्यक्ष यम पाखिनले जानकारी दिएका छन्।

४ दिनसम्म सन्चालन हुने शिविरमा वरिष्ठ विशेषज्ञ चिकित्सकहरुले सेवा दिइरहेका छन। शिविरमा निशुल्क दाँत भर्ने,निशुल्क दाँत फुकाल्ने,दाँत तथा मुख सम्बन्धी सम्पुर्ण समस्याहरुको चेकजाँच तथा उपचार,दुखाई निवारण विशेषज्ञद्धारा कुम,कम्मर र घुँडाको जोर्नीका समस्याका कारण हुने दीर्घकालिन दुखाईको अत्याधुनिक तरिकाले उपचार गरिने नेप अस एशोसिएसन एण्ड नेप अस डेन्टल काठमाडौँका अध्यक्ष मेन्दो तामाङले बताएका छन्। शिविर जिल्ला अस्पताल प्राङगणमा बिहान ९ बजेदेखी दिनको ५ बजेसम्म सन्चालन भैरहेको छ। जिल्ला अस्पतालमा निक्कै भिड भएको हुनाले ४ दिनमा धेरै मानिसहरुले सेवा लिन सक्ने नप अस डेन्टलका अध्यक्षले बताएका हुन्।

## देउरालीमा खुल्ला पुरुष भलिबल प्रतियोगिता हुने

रामेछापको रामेछाप नगरपालिका वडा नं २ देउरालीमा खुल्ला पुरुष भलिबल प्रतियोगिता हुने भएको छ। नेपाल तरुण दल रामेछाप नगरपालिका वडा नं २ देउरालीले आयोजना गरेको उक्त प्रतियोगिता यहि फाल्गुन २७ र २८ गते हुने वडासदस्य सुशिलहरि बख्रेलले जानकारी दिनुभयो। प्रतियोगितामा प्रथम हुने समुहले नगद ५० हजार,द्धितिय हुनेले नगद ३० हजार र तृतिय हुने समुहले नगद २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन। प्रतियोगिता २ नं वडाकै लाम्टे सिमलडाँडामा हुनेछ।

## श्रेष्ठको उपचारका लागि उठाइएको रकम परिवारलाई हस्तान्तरण

नेपाली काँग्रेस जिल्ला कार्य समिति रामेछापले काँग्रेस नेता ताराराम श्रेष्ठको उपचारका लागि उठाइएको रकम हस्तान्तरण गरेको छ। नेपाली काँग्रेस रामेछापको खाँडादेवी गाउँपालिकाको सित्खामा सम्पन्न जिल्ला कार्य समितिको वैठकमा पार्टीका सदस्यहरुबाट उठेको १ लाख ६५ हजार ५ सय २५ रुपैयाँ सहयोग रकम पार्टी सभापति पुर्णबहादुर (कान्छाराम) तामाङ्गले ताराराम श्रेष्ठका आफन्तलाई हस्तान्तरण गरेका हुन्। उपचारको लागि रकम अभाव भएपछि रकम संकलनका लागि यस अगाडिको जिल्ला कार्य समितिको बैठकले पार्टीका जिल्ला सह-सचिव ध्रुव चौंलागाइलाई जिम्मेवारी दिएको थियो। पार्टीले आफूलाई दिएको जिम्मेवारी अनुसार जिल्ला कार्य समितिका पदाधिकारी, जिल्ला कार्य समितिका सदस्यहरु, महाधिवेशन प्रतिनिधि र काँग्रेस नेताहरुबाट उठेको रकम दुवै मृगौला फेल भएर भारतमा उपचार गराइरहेका काँग्रेस नेता ताराराम श्रेष्ठका आफन्तलाई हस्तान्तरण गरिएको सह-सचिव ध्रुव चौंलागाईंले बताए। खाँडादेवी गाउँपालिका वडा नं ५ श्रेष्ठको उपचारका लागि उठेको रकम सोहि वडाका काँग्रेस इकाइ सभापति विराज श्रेष्ठ र सचिव विनोद मोक्तान मार्फत हस्तान्तरण गरिएको थियो।

## बेपत्ता भएका ट्याक्टरका चालक मृत अवस्थामा फेला

रामेछापको मन्थली नगरपालिका ७ स्थित मध्य लोकमार्गको आकाशे भन्ने स्थानमा ट्याक्टर दुर्घटनामा बेपत्ता ट्याक्टरका चालक मृत अवस्थामा भेटिएका छन। मन्थली नगरपालिका वडा नं.२ करमबोट बस्ने बर्ष २२ का ट्याक्टर चालक सरोज माझीको शव करिब ७५ मिटर तल तामाकोशी नदीमा भेटिएको रामेछाप प्रहरीले जनाएको छ। आईतबार दिउँसो १२:३५ बजेको समयमा मन्थलीबाट भटौली तर्फ जादै गरेको ज १ त ८३१८ नं.को खाली ट्याक्टर सडकबाट अन्दाजी १०० मिटर तल तामाकोशी नदिमा खसेर दुर्घटना भएको थियो। उक्त दुर्घटनामा ट्याक्टरका सह-चालक रामेछापको खाँडादेवी गाउँपालिका ४ रजगाउँ बस्ने बर्ष १९ का रमेश माझी घाईते भएका छन। उनको निधारमा चोट लागेको छ। उनको प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा उपचार भैरहेको र उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

## रामेछाप भंगेरीमा श्रीमानले खुकुरी प्रहार गर्दा श्रीमती घाइते

रामेछापमा श्रीमानले खुकुरी प्रहार गर्दा श्रीमती घाइते भएकी छन। रामेछाप नगरपालिका वडा नं ८ भंगेरीका वर्ष ३७ का प्रकाश श्रेष्ठले २८ वर्षिया श्रीमती नम्रता श्रेष्ठलाई खुकुरी प्रहार गरेका हुन। मादक पदार्थ सेवन गरेका श्रेष्ठले आईतबार साँझ घरायसी विवादमा श्रीमतीको घाँटी रेट्ने प्रयास गरेका थिए। श्रीमतीलाई खुकुरी प्रहार गरेका श्रेष्ठले श्रीमती भागेर बाँच्न सफल भएपछि आफनै घाँटी रेट्ने प्रयास गरेको प्रहरी चाकी रामेछाप डाँडाले जनाएको छ। घाँटीमा चोट लागेको दुवैजनाको जिल्ला अस्पताल रामेछापमा उपचार भैरहेको छ। नम्रता श्रेष्ठको घाँटीमा अलि बढी नै चोट लागेको छ भने प्रकाश श्रेष्ठको घाँटीमा समान्य चोट लागेको छ। अहिले दुवै जनाको अवस्था समान्य छ।

## निशान बचतको १० औं वार्षिकोत्सव स्थापना दिवस

रामेछापको रामेछाप नगरपालिका वडा नं ८ रामेछाप बजारमा रहेको निशान बचत तथा ऋण सहकारी संस्थाले १० औं स्थापना दिवस संस्थाका सदस्यहरुसँग अन्तरकृया कार्यक्रम गरेर मनाएको छ। १० औं स्थापना दिवसको अवसरमा संस्थाले हालसम्म हासिल गरेका उपलब्धि तथा संस्थाको दिगोपनाका लागी पुँजी वृद्धि लगायतका बारेमा सदस्यहरुसँग छलफल गरिएको संस्थाका व्यवस्थापक लक्ष्मण श्रेष्ठले जानकारी दिनुभयो। संस्थामा हाल ५ सय ५७ जना सेयर सदस्य छन। संस्थाको सेयर पुँजी १६ लाख ७० हजार,निक्षप रकम ३ करोड ३२ लाख ९० हजार १२,जगेडा कोष १ लाख ५८ हजार ४ सय १८ र ऋृण लगानी ३ करोड ३२ लाख ४७ हजार ७ सय ५१ रहेको व्यवस्थापक श्रेष्ठले बताउनुभयो।

# सेञ्चुरी बैंकद्वारा भक्तपुर छुट्टाछुट्टै दुई संस्थालाई सहयोग

काटमाडौ । सेञ्चुरी कमर्सियल बैंकले आफ्नो ११ औं स्थापना दिवसको पुर्वसन्धामा भक्तपुर जिल्ला सि.सि.टि.भि.जडान समितिलाई नगद रु.१००,००० आर्थिक सहयोग प्रदानगरेको छ । उक्त सहयोग रकम बैंकका वागमती प्रदेश प्रमुख दिपेन्द्र बाबु बिष्टले महानगरीय प्रहरी परिसर, भक्तपुरका प्रमुख शिवकुमार श्रेष्ठको विशेष उपस्थीतीमा परिसर कार्यलय भक्तपुर जिल्ला सि.सि.टि.भि.जडान समितिका कोषाध्यक्ष नविन प्रजापतीलाइ हस्तान्तरण गर्नुभएको थियो । उक्तकार्यक्रममा सेञ्चुरी बैंकका वागमती प्रदेश उपप्रमुख प्रचिता श्रेष्ठ, सुकुलढोका शाखाका प्रमुख सुकेश शाक्य र भक्तपुर शाखाका प्रमुख उषा खाणंको पनि उपस्थीती थियो ।सेञ्चुरी बैंकले भक्तपुरमा तीन शाखा मार्फत सेवा प्रदान गर्दै आएको बैकले उल्लेख गरेको छ । समितिका कोषाध्यक्षले यस आर्थिक सहयोगबाट भक्तपुर जिल्लाको अपराध अनुसन्धान र अपराध नियन्त्रणलाई प्रमाणमुखी र प्रभावकारी बनाउन मुख्य राजमार्ग, मुख्य मुख्य चोक, सिमानाका तथा प्रहरी चेक पोइन्टहरु समेतमा सि.सि.टि.भि. क्यामरा जडान गरी अपराध अनुसन्धान तथा न्यूनिकरण गर्न सहयोग पुग्ने बताउनु भएको छ । साथै बैंकको धुलिखेल शाखाले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत जेष्ठ नागरिक सेवा केन्द्र, काभ्रे धुलिखेललाई एक दर्जन कुर्सी दुइवटा टेवल र एक थान दराज लगायतका फर्निचर सामान प्रदान गरेको छ । जेष्ठ नागरिक सेवा केन्द्रका अध्यक्ष दिलसुन्दर श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो । उक्त अवसरमा बैंकले गीता मन्दिर सरसफाई समेत गरेको थियो । सेञ्चुरी बैंकले काभ्रेमा सात शाखा मार्फत सेवा प्रदान गर्दै आएको बैकले उल्लेख गरी पठाएको हो ।

# गरिमा विकास बैंकका महिला ग्राहकलाई लकर सुविधामा आर्कषक छुट

गरिमा विकास बैंकले गरिमा नारी बचत खाता र मेरो शेयर बचत खाता खोल्नु महिला ग्राहकलाई कर सुविधामा छुट प्रदान गर्ने भएको छ । बैंकले अन्तराष्ट्रिय नारी दिवस २०२२ लाई यस्तो अफर ल्याएको हो । आफ्नो बहुमुल्य गरगहना, सामान तथा कागजपत्रलाई सुरक्षीत राख्न भरपर्दो यस गरिमा विकास बैंकको लकर सुविधा अन्तर्गत लकर डिपोजिटमा २५ प्रतिशत र वार्षिक लकर शुल्कमा ५० प्रतिशत (पहिलो वर्षको लागि मात्र) छुटको व्यवस्था गरेको हो । बैंकका ग्राहकहरुले न्यूरोड शाखा (काठमाडौं), कुमारीपाटि शाखा (ललितपुर), सुर्यविनायक शाखा (भक्तपुर), सभागृह शाखा (कास्की), वगर शाखा (कास्की),




नारायणगढ शाखा (चितवन), बुद्धचोक शाखा (चितवन) र धरान शाखा (धरान)मा उपलब्ध विभिन्न आकारका लकरमा उक्त छुट लिन सक्नेछन् । बैंकमा नयाँ वा पहिला नै नारी बचत खाता तथा मेरो शेयर बचत खाता खोल्ने सम्पूर्ण नारी ग्राहकले उक्त छुट प्राप्त गर्नेछन् । हाल गरिमा विकास बैंक लिमिटेडले ११८ शाखा कार्यालयहरु, २ एक्स्टेन्सन काउण्टर र ५१ एटिएमबाट सरल, सुलभ एवं गुणस्तरिय सेवा दिदै आईरहेको छ ।

# कामना सेवा विकास बैंकका थप ३ वटा शाखा चितवनमा

कामना सेवा विकास बैंक लिमिटेडले थप ३ वटा शाखा चितवनमा विस्तार गरेको छ । आफ्नो सेवा विस्तार गर्ने क्रममा बागमती प्रदेश अन्तर्गत चितवन जिल्लाको खैरहनी नगरपालिका वडा नं.०८ स्थित पर्सा बजारमा १३०औं, कालिका नगरपालिका वडा नं. ०४ स्थित पदमपुरमा १३१ औं र भरतपुर




महानगरपालिका वडा नं. २५ स्थित अमृतचोकमा १३२ औं शाखा कार्यालय स्थापना गरी बुधबारदेखि कारोबार शुभारम्भ गरेको हो । बैंकले व्यवसाय विस्तारको क्रममा नवीनतम प्रोडक्टहरु तथा वृहत शाखा सञ्जाल मार्फत आफ्ना ग्राहकहरुलाई उच्च स्तरको बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउँदै आएको छ । बैंकिङ पहुंच नपुगेका ग्रामीण क्षेत्र तथा व्यवसायको सम्भावना रहेका अन्य शहरी क्षेत्रहरुमा समेत शाखा विस्तार गर्दै जाने बैंकको लक्ष रहेको बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले बताए । Social Media Banking, Internet Banking, Moblie Banking, SMS Banking जस्ता विभिन्न Digital माध्यमहरुबाट समेत ग्राहक महानुभावहरुलाई सहज र उत्कृष्ट सेवा प्रदान गर्दै आएको बैंकका यस संगै १३२ वटा शाखा, १ वटा विस्तारित काउन्टर, ४ वटा शाखारहित बैंकिङ सेवातथा ७७ वटा ATM मार्फत ग्राहक महानुभावहरुलाई सेवा प्रदान गर्दै आएको छ ।

# बेलबारीमा एनएमबि बैंकको काउण्टर

एनएमबि बैंकले सेवाग्राहीहरुलाई सहज होस् भन्ने उद्देश्यले मोरङ्गको बेलबारी मालपोत कार्यालयमा १० औं विस्तारित काउण्टर शुभारम्भ गरेको छ । नेपाल सरकार भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव रामप्रसाद थपलियाको प्रमुख आतिथ्यता र नेपाल सरकार भुमी व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक पिताम्बर घिमिरे, एनएमबि बैंक लि.का प्रमूख कार्यकारी अधिकृत सुनिल केसीको विशेष आतिथ्यता तथा एनएमबि बैंक लि. प्रदेश नं. १ का प्रमुख उत्सव घिमिरेको सभापत्विमा आयोजित एक कार्यक्रमका माझ




शुक्रबार मालपोत कार्यालय परिसरमा विस्तारित काउण्टरको विधिवत उद्धाटन भएको हो ।

उक्त कार्यक्रममा बेलबारी नगरपालिका वडा नं.३ का अध्यक्ष योगेन्द्र सुवेदी, एनएमबि बैंकका प्रमुख व्यवसाय अधिकृत गोविन्द घिमिरे, मालपोत कार्यालय वेलबारी विस्तारित काउण्टरका प्रमूख भानुभक्त न्यौपाने, भुमी सुधार तथा मालपोत कार्यालय बिराटनगरका प्रमूख लोकबहादुर भण्डारी, लेखापढी व्यवसायी एसोसिएसन बेलबारीका अध्यक्ष गोविन्द फुयाल अतिथीको रुपमा रहेका थिए

कार्यक्रममा सचिव थपलिया, महानिर्देशक घिमिरे, प्रमुख कार्यकारी अधिकृत केसी वडाध्यक्ष भण्डारीले शुभकामना स्वागत मन्तब्य राखेका थिए भने मालपोत कार्यालय बेलबारी विस्तारित काउण्टरका प्रमूख न्यौपानेले धन्यवाद मन्तब्य राखेका थिए ।

शुभकामना मन्तव्यकै क्रममा बैंकका प्रमूख कार्यकारी अधिकृत केसीले सरकार-नीजी क्षेत्रको सहकार्य अन्तर्गतको यो प्रक्रियामा मालपोत कार्यालयले बैंकलाई विश्वास गरि सेवा प्रदान गर्न अवसर दिएकोमा धन्यवाद व्यक्त गर्दै अब मालपोत कार्यालय बेलबारीमा नगदरहित सेवा लिन हुन पनि सम्पूर्ण सेवाग्राही महानुभावहरुलाई अनुरोध गरेका छन् ।

एनएमबि बैंक दि फिनान्सियल टाइम्स, लण्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दि इयर एसिया २०२१' उपाधीबाट सम्मानित भएको बैंक हो । एनएमबि बैंकले २०१७, २०१८, २०२० र २०२१ लागि पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दि इयर नेपाल' प्राप्त गरिसकेकको छ । एनएमबि बैंकले यस लगायत हाल देशभरी १० एक्सटेन्सन काउन्टरहरु, २०१ शाखाहरु र १३९ एटिएमहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# ग्लोबल आइएमई बैंक, राष्ट्रिय सहकारी बैंक र स्मार्ट च्वाइस टेक्नोलोजिजबीच सम्झौता

ग्लोबल आइएमई बैंक लिमिटेड, राष्ट्रिय सहकारी बैंक लिमिटेड र स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेडबीच सहकारीहरुका लागि सहकारी पहिचानसहितको Coop Card जारी गर्ने सम्बन्धी त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ ।

आइतबार आयोजित एक कार्यक्रमकाबीच ग्लोबल आइएमई बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजु र राष्ट्रिय




सहकारी बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाइँले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

बढ्दै गएको सहकारीको भूमिका र कारोबारसमेतलाई मध्यनजर गर्दै सहकारीहरुले पनि न्यूनतम लागतमा सहजै एटिएम कार्ड जारी गर्न सक्ने प्रविधि र प्रकियाका साथ ग्लोबल आइएमई बैंकको प्रायोजनमा Coop Card जारी गर्न लागिएको हो ।

ग्लोबल आइएमई बैंकको प्रायोजनमा राष्ट्रिय सहकारी बैंकमार्फत यसका सदस्य सहकारीहरुले Coop Card जारी गर्नेछन् । यसका लागि SCT ले चाइना युनियन पे (UPI) सँग सहकार्य गर्दै आएको छ ।

सहकारीका सबै सदस्यलाई सेवा पुर्याउँदै यसलाई अझ बढि प्रभावकारी बनाउन राष्ट्रिय सहकारी बैंक लिमिटेडको सहकार्यमा बैंकमा आबद्ध सम्पूर्ण सहकारीहरुलाई एउटै ब्राण्डको Coop Card जारी गर्न लागेको हो । यसरी प्रदान गर्ने कार्ड अन्तर्राष्ट्रियस्तरको चिप कार्ड र कन्टाक्टलेश प्रविधिमा आधारित हुनेछ भने नेपाल तथा भारतका ATM/POS मार्फत सहजै चलाउन सकिनेछ । यस सहकार्य पश्चात सम्पूर्ण सहकारीहरुले राष्ट्रिय सहकारी बैंक लिमिटेडमा सम्पर्क गरी Coop Card जारी गर्न सक्नेछन् ।

# अर्थ संसार

## बैंक अफ काठमाण्डूको नयाँ शाखा झापाको दमकमा

बैंक अफ काठमाण्डू लिमिटेडको नयाँ शाखा झापाको दमक नगरपालिका वडा नं. ०५ मा विस्तार गरिएको छ । आइतबार एक समारोहका बीच दमक नगरपालिकाका मेयर रोमनाथ ओली र बैंकका संचालक गोबिन्द प्रसाद शर्माले संयुक्त रुपमा शाखाको औपचारिक समुद्घाटन गरेका छन् । औपचारिक समुद्घाटन कार्यक्रममा दमक नगरपालिकाका नगर उप-प्रमुख गिता अधिकारी, उद्योग वाणिज्य संघ, दमकका अध्यक्ष गोकुल श्रेष्ठ, चेम्बर




अफ कर्मस, दमकका अध्यक्ष श्रीमान् राजेन्द्र ढकालले बैंकको दमक शाखा कार्यालयको प्रगतिको शुभकामना प्रदान गरे । उक्त कार्यक्रममा बैंकका संचालक गोविन्द प्रसाद शर्मा रेग्मीले ग्राहकहरूको उच्चतम लाभलाई मध्यनजर गर्दै समय सुहाउँदो आवश्यक प्रविधिगत सेवाहरु उपलब्ध गराई उत्कृष्ट बैंकिङ्ग सेवा उपलब्ध गराउदै जानेमा बैंक प्रतिबद्ध रहेको जानकारी दिए । दमक नगरपालिकाका नगर प्रमुख रोमनाथ ओलीले उक्त कार्याक्रममा बैंक अफ काठमाण्डू लिमिटेडलाई दमकमा स्वागत गर्नुको साथै स्थानीय महानुभावहरुको आवश्यकतालाई ध्यानमा राखि बैंकले सेवा प्रदान गर्ने विश्वास नगरपालिकाले लिएको जानकारी दिए । बैंक अफ काठमाण्डू लिमिटेडले ९७ शाखा कार्यालयहरु, ८७ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ । बैंकको अगामी दिनहरुमा सम्भावित क्षेत्रमा आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा उपलब्ध गराउने अभिप्रायले थप शाखाहरु संचालन गर्ने योजना अगाडि रहेको छ ।

## प्रभु बैंकको ग्राहकहरुले फोनलोनबाट ऋण पाउने

प्रभु बैंकले आफ्ना ग्राहकहरुलाई मोबाइलबाटै कर्जा लिन मिल्ने फोनलोन सुविधा संचालनमा ल्याएको छ । बैंकका ग्राहकहरुले प्रभु मोबाइल बैंकिङ एपबाट आफुलाई आवश्यक परेको बेला सजिलै दुई लाख रुपैयाँसम्मको फोन लोन सुविधा लिन सक्ने बैंकले जनाएको छ । यो सुविधा हाल बैंकमा तलबी खाता खोली बैंकिङ कारोबार गरिरहेका ग्राहकहरुले मात्र पाउने बैंकले जनाएको छ । सुविधा प्रयोग गर्न बैंकका ग्राहकहरुले मोबाइल बैंकिङ एपबाटै फोनलोनको लागि अनुरोध गर्न सक्नेछन् । फोनलोनको अनुरोध पाउनु साथ सम्बन्धित ग्राहकको कारोबारको विवरण समेतलाई आधार बनाएर ग्राहकले फोनलोन सुविधामा पाउने कर्जा सीमा निर्धारण हुने बताइएको छ। उक्त कर्जा भुक्तानी अवधि बढीमा ३६ महिनासम्मको हुने बैंकले जनाएको छ । यसबाट तत्काल आफ्नो साथमा नगद नभएका कारण आर्थिक अभावबाट गुज्रिनु पर्ने अवस्थाको अन्त्य हुने विश्वास बैंकको छ। साथै, सानोतिनो कर्जा कारोबारको लागि बैंक धाउनु पर्ने झण्झट अन्त्य हुने बताइएको छ ।

## नेपाल बैंक र पोखरा विश्वविद्यालयबीच सम्झौता

नेपाल बैंक र पोखरा विश्वविद्यालय बीच बिहीबार भएको सम्झौता बमोजिम यस बैंकले पोखरा विश्वविद्यालयमा कार्यरत कर्मचारी एबम् विद्यार्थीहरुलाई आधुनिक एबम् सहुलियतपूर्ण बैंकिङ्ग सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ । जस अन्तर्गत बिश्वबिद्यालयमा कार्यरत सम्पूर्ण स्थायी, अस्थायी, करार, आंशिक तथा ज्यालादारी प्राध्यापक/ शिक्षक/कर्मचारीहरु सम्पूर्णको तलबी खाताहरुमा बैकले बचत निक्षेपहरुको उच्चतम ब्याजदर प्रदान गरि VISA Debit (ATM) Card निःशुल्क उपलब्ध गराइने,Mobile Banking / Internet Banking रजिष्ट्रेशन निःशुल्क उपलब्ध गराउने, बैंकको लकर भाडामा २५% छुट प्रदान गरिने सम्झौता छ । यस्तै जुनसुकै प्रकारको कर्जा लिदा सेवा शुल्कमा २५% छुट प्रदान गरिने, D.MAT/C/ASBA/Mero Share Registration सुविधा निःशुल्क उपलब्ध गराइने, कर्मचारीहरुलाई Credit Card को सुबिधा प्रदान गर्ने लगायत बैंकको कुनै एक शाखामा रहेको खाताबाट नेपाल बैंक लिमिटेडकै अन्य कुनै पनि खातामा जतिसुकै रकम ट्रान्सफर गर्न चाहेमा विना कुनै शुल्क (ree ABB) तत्कालै ट्रान्सफर गरिने, बिश्वबिद्यालयको आबश्यकता अनुसार बिश्वबिद्यालय परिसरमा ATM Machine/Bank Counter/ Bank Branch स्थापना गरि बैंकले सेवा प्रदान गर्ने लगायत विविध बैंकिङ्ग सेवा एबम् सुविधाहरु उपलब्ध गराउने उल्लेख छ । पोखराको लेकसाईडमा भएको उक्त सम्झौता पत्रमा पोखरा विश्वविद्यालयको तर्फबाट रजिष्टार डा.दीपकबहादुर भण्डारी र नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कृष्णबहादुर अधिकारीले हस्ताक्षर गरेका थिए । नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अधिकारीले नेपालको पहिलो बैंक र विश्वविद्यालयबीचको सम्झौताले दुवैलाई उचाइमा पुर्याउने विश्वास व्यक्त गरे । विश्वविद्यालयका उपकुलपति प्रेमनारायण अर्यालले नेपाल बैंक लिमिटेड पहिलो र भरपर्दो भएकाले हस्ताक्षर गरिएको बताउँदै विश्वविद्यालय र वैंकलाई अझ व्यवसायिक उचाईमा कसरी पुर्याउन सकिन्छ भन्ने विषयमा आफूहरुको जोड रहने उल्लेख गरे। बैंकका गण्डकी प्रदेश कार्यालय प्रमुख प्रतिमा श्रेष्ठले सम्झौतालाई ऐतिहासिकरुपमा लिएको बताउँदै आर्थिक कारोवारको रुपमा नेपाल बैंकलाई छनोट गरेको भन्दै विश्वविद्यालयलाई धन्यवाद दिइन् ।

# दलीय अस्तित्वका लागि संघर्ष

**डा. ज्ञानेन्द्रबहादुर कार्की**

धेरै किसिमका राजनीतिक सिद्धान्त तथा विचार भएका पार्टी जसले आफूलाई समयानुकूल परिवर्तन गर्न नसक्दा कति लोप भएर गएका छन् भने कति कमजोर अवस्थामा रहेका छन्रु। अस्तित्वमा रहिरहन समयानुकूल आमजनसमुदायको भावनाअनुसार समयसापेक्ष परिमार्जित र परिवर्तित हुँदै अगाडि बढ्न सक्नुपर्छरु। कुनै पार्टीले अँगालेको सिद्धान्त र विचारले समयानुकूल सधैं एकनासले अगाडि बढ्ने राजनीतिक रूपमा अनुकूल वातावरण पाउँदैन, त्यसैले एउटै पार्टी, सिद्धान्त र विचारले विशाल रूप लिन पनि सक्दैन ।

एउटै सिद्धान्त, विचार बोकेका पार्टीका अनुयायी एकातिर अघिल्लो पुस्ता वा पिँढीभन्दा फरक हुन्छन् भने अर्कातिर एकै पिँढीका अनुयायीबीच पनि भिन्नता हुन्छन्रु। ती भिन्नतामध्ये केही भिन्नता उपयोगी र सक्षम हुन्छन्, जो निरन्तर रूपमा टिकिरहन सङ्घर्ष गर्न योग्य हुन्छन । प्रत्येक सिद्धान्त, विचार तथा पार्टीले आफ्नो अस्तित्व कायम गर्न सङ्घर्ष गरी निरन्तर समयानुकूल नयाँ भिन्नता ग्रहण गर्दै जान्छन्रु। त्यसरी निरन्तर ग्रहण गरिने नयाँ भिन्नताले गर्दा नै लामो समयपछि परिवर्तन भएर नयाँ सिद्धान्त, विचार बोकेर पार्टीले काँचुली फेर्दै आफूलाई अस्तित्वमा राख्न सफल हुन्छन्रु। राजनीतिक वातावरणमा अनुकूल नहुने भिन्नता क्रमशः पलायन हुँदै अस्थित्वविहीन भएर जान्छन ।

सिद्धान्त, विचार तथा पार्टीको अस्तित्वका लागि परिवर्तित राजनीतिक वातावरणमा टिकाउन नयाँ पहिचानका साथ जसले अनुकूल बनाउन योग्य हुने गुणको विकास गर्न सक्दछ, तिनीहरू नै अस्तित्वमा आउँछन । जडसूत्र वादीको अस्तित्व विस्तारै लोप भएर जान्छ भने समयानुकूल आफूलाई अनुकूल बनाउने शक्तिले नेतृत्व हत्याउन सफल हुन्छन्रु। राजनीतिक पार्टीका नेता, कार्यकर्ता, शुभचिन्तक विभिन्न वर्गबाट आउनुको साथै उनीहरूको वैचारिक तथा सैद्धान्तिक पृष्ठभूमि तथा धरातल पनि फरक फरक हुने गर्छ । त्यसले गर्दा उनीहरूबीचको सोच, विचार र दृष्टिकोणमा पनि भिन्नता हुन्छरु। उनीहरूबीचको फरक सोच, विचार र दृष्टिकोणको कारण हरेक घटना र विषयवस्तुलाई हेर्ने दृष्टिकोण, समस्याको समाधान गर्ने तरिका, नैतिक मूल्य र मान्यता, आचारण, कार्यपद्धति, कार्यशैली आदिमा पनि केही न केही भिन्नता हुन्छरु। पार्टीभित्र विचार र दृष्टिकोणमा भएका भिन्नताले उत्पन्न हुने अन्तरद्वन्द्वको सही ढङ्गले व्यवस्थापन गर्ने विधिको विकास र प्रयोग गर्न नसक्दा पार्टीभित्र समस्या चर्कदै जान्छ र समूहगत गुटको विकासले प्रश्रय पाउँछ ।

पार्टीका अनुयायीले पार्टीका सिद्धान्त र विचारको निरन्तर अध्ययन नगर्दा, विधि र पद्धतिअनुसार पार्टी नचल्दा, पार्टी एकताका लागि सङ्गठनलाई सुदृढ बनाउन नसक्दा, पद र प्रतिष्ठा हत्याउन अनैतिक प्रतिस्पर्धा मच्चिदा, बहुमतको आधारमा अल्पमतलाई कदर नगरी दबाउन खोज्दा, अनुशासनहिनता मौलाउँदा, अन्तरपार्टी मतभेदको समयमा नै सही व्यवस्थापन हुन नसक्दा, गलत विचार र दृष्टिकोणको विरुद्ध सङ्घर्ष चलाएर सही विचार र दृष्टिकोणलाई स्थापित गर्न नसक्दा, आलोचना र आत्मालोचनालाई आत्मसात् गर्न नसक्दा पार्टीभित्र अन्तरद्वन्द्व चर्केर फरक लाइनको विकास हुने तथा पार्टी विखण्डनको स्थितिसम्म पुग्ने खतरा बढेर जान्छरु। त्यसैले वैचारिक र सैद्धान्तिक रूपमा एकढिक्का हुँदै विखण्डन र गुटबाट पार्टीलाई सुरक्षित गरी पार्टीको अस्तित्वका लागि निरन्तर सङ्घर्ष गरिरहनुपर्छ । राजनीतिक अस्तित्वका लागि न्यूनतम तीन किसिमका सङ्घर्षमा पार्टी तथा पार्टीका अनुयायीले सफलता प्राप्त गर्नुपर्छ ।

**क. अन्तरपार्टी सङ्घर्ष :**

अन्तरपार्टी सङ्घर्ष सैद्धान्तिक, वैचारिक तथा पदीय सङ्घर्षसँग सम्बन्धित छरु। पार्टीका विभिन्न तहका रहेका नेता, कार्यकर्ता तथा शुभचिन्तकबीच आपसमा आफ्नो अस्तित्वका लागि निरन्तर सङ्घर्ष गरिरहेका हुन्छन्रु। पार्टीमा विभिन्न वर्गीय पृष्ठभूमिबाट आएका अनुयायीबीचमा विचार, दृष्टिकोण, आनीबानी, भावना, नैतिक मूल्य र मान्यतामा केही न केही भिन्नता हुन्छन्रु। भिन्नताको कारण समस्या हेर्ने र समाधान गर्ने विधिमा पनि भिन्नता आउँछ, त्यसले पनि अन्तरपार्टी सङ्घर्ष उत्पन्न गराउँछरु। पार्टीभित्र सैद्धान्तिक र वैचारिक मतभेद हुने भएकोले पार्टीभित्र वैचारिक सङ्घर्ष निरन्तर रूपमा चलिरहेको हुन्छ । अल्पमतमा पर्नेहरूले बहुमतको विचार, नीतिलाई स्वीकार गरेर पार्टीभित्र नै सङ्घर्ष चलाउँदै जानुपर्छ तर पार्टीभित्र कहिलेकाहीँ खराब विचार पनि हाबी हुन सक्छरु। त्यस्तो स्थितिमा पार्टीमा गुटबन्दी, अवसरवादले जरा गाड्ने मौका पाउँछरु। पार्टीभित्र हुने सैद्धान्तिक र वैचारिक सङ्घर्षको कारण पार्टीले आफ्नो आकार र प्रभाव निरन्तर विस्तार गर्न सक्दैन ।

पद, प्रतिष्ठा, सुविधा नै राजनीतिको अन्तिम लक्ष्य हो भन्ने मानसिकता बोकेका पार्टीका नेता, कार्यकर्ता, शुभचिन्तक हुन् वा सेवाको भावानाले काम गरिरहेका व्यक्ति हुन्, ती सबैमा समयअनुसार कसैलाई पद, कसैलाई प्रतिष्ठा, कसैलाई सुविधा, कसैलाई अन्य अवसरको चाहना हुन्छरु। त्यसैको प्राप्तिका लागि एकआपसमा आ-आफ्नो ठाउँमा आ-आफ्नो विचार र शक्ति लगाएर निरन्तर सङ्घर्ष गरिरहेका हुन्छन्रु। त्यस्तो सङ्घर्षमा सफलता प्राप्त गर्नेहरू नै अस्तित्वमा आउँछन्, र राजनीतिक पिरामिडका विभिन्न तहमा सङ्घर्षशील राजनीतिक जीवन बिताउन सफल हुन्छन्रु। ख. बाह्य पार्टी सङ्घर्षः एउटा पार्टी र अर्को पार्टीबीचमा वैचारिक तथा सैद्धान्तिक भिन्नता हुने भएकाले पार्टीहरूबीच प्रतिस्पर्धात्मक सङ्घर्ष हुने गर्छ । सबै पार्टी आ-आफ्नो पार्टीको अस्तित्व कायम राख्न सङ्घर्षशील हुन्छन् र हरेक राजनीतिक प्रतिस्पर्धामा योजनाबद्ध ढङ्गले राजनीतिक बागडोर आफ्नो हातमा लिन सङ्घर्ष गरिरहेका हुन्छन्रु। सङ्घर्षमा सफल पार्टीहरू नै आफ्नो अस्तित्व कायम गर्दै शक्तिशाली पार्टीको रूपमा अगाडि बढ्ने गर्छन्रु। राम्रो जनमुखी नीति तथा कार्यक्रम अगाडि सारेर जनताका लागि समर्पित पार्टी नै जनताका माझमा फस्टाउने गर्छरु। जनताबाट टाढा रहने पार्टी आफ्नो अस्तित्व कायम राख्न नसक्ने र शक्तिहीन अवस्थामा पुग्छन ।

आ-आफ्नो सिद्धान्त तथा विचारलाई अस्तित्वमा राख्न र विस्तार गर्न समयानुकूल परिमार्जन गर्दै अगाडि बढ्नुपर्छ । परिमार्जन गर्न नसक्ने जडसूत्रवादी सैद्धान्तिक र वैचारिक रूपले पराजित भएर असफल हुने गर्छन्रु। त्यसैले जनताको मन जित्न र प्रतिद्वन्द्वीलाई पराजित गर्न सैद्धान्तिक र वैचारिक रूपमा प्रष्ट हुँदै पार्टीका नीति तथा कार्यक्रमहरू जनताको हितमा अगाडि सार्नुपर्छरु। बाह्य पार्टी सङ्घर्षमा जनताको मनमस्तिष्कमा अब्बल दर्जाको पार्टीको रूपमा स्थापित भई प्रतिस्पर्धामा खरोसँग टिक्न सक्नुपर्छ ।

ग. राजनीतिक वातावरणीय सङ्घर्ष :

परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक वातावरणलाई जुन पार्टीले राम्रोसँग बुझ्छ र त्यस वातावरणमा आफूलाई अनुकूल बनाउन सफल हुन्छ, त्यही पार्टी तथा शक्ति नै अस्तित्वमा रहन्छ । साथै जनताको चाहना र जनताको हितमा जुन पार्टी विशेष महत्व दिएर अगाडि बढ्छ, त्यस पार्टीले आफ्नो पक्षमा राजनीतिक वातावरणको आधार तयार गर्छरु। समयको माग नबुझ्ने र परिवर्तित राजनीतिक वातावरणमा आफूलाई जनताको नजिक राख्न नसक्ने पार्टीहरू पाखा लाग्न बाध्य हुनुपर्छरु। आफ्नो अस्तित्व कसरी राख्ने हो, त्यहीअनुसारको राजनीतिक वातावरण पार्टीले बनाउनुपर्छरु। पार्टी र जनताबीचको दूरी कम गर्दै जनतामाझ स्थापित हुने रणनीति पार्टीले लिनुपर्छरु। पार्टी, नेता, कार्यकर्ता र जनताबीचको अन्तर सम्बन्ध सुमधुर र गाढा बनाउन सक्ने राजनीतिक पार्टी, सिद्धान्त र विचारले नै सङ्घर्षमा सफलता प्राप्त गर्छ ।

राजनीतिक अस्तित्वका लागि हुने सङ्घर्षमा सबैभन्दा योग्य नै राजनीतिक वातावरणसँग अनुकूल हुन्छरु। आमजनसमुदाय स्वयंले योग्यताको रक्षा गर्ने अर्थात् छनोट गर्ने भएकोले त्यसलाई जनताद्वारा जनताका लागि नेतृत्व छनोटको सिद्धान्तको रूपमा पनि लिन सकिन्छ । राजनीतिक सिद्धान्त, विचार, पार्टी तथा पार्र्टीका विभिन्न तहमा रहेका नेता, कार्यकर्ता र शुभचिन्तकलाई पनि जनसमुदाय स्वयंले छनोट गर्छन्रु। जनसमुदायसँग घुलमिल हुने मात्र टिक्नका लागि योग्य हुन्छन्, अरू राजनीतिक प्रतिकूलताको कारण लोप भएर जान्छन्रु। जनविरोधी, भ्रष्टाचारी, शोषक, अत्याचारी, आचारणहीन, नैतिकहीन आदि पात्रहरू क्रमशः नेतृत्वबाट अलग हुँदै जान्छन् भने देश र जनताको हितमा काम गर्ने राष्ट्रवादी, नैतिक आचारणयुक्त पात्रहरू योग्यताको क्रममा छनोट हुन्छन । राजनीतिक दलले असल नीति तथा कार्यक्रम भावी पुस्ताले अनुसरण गर्दै समयसापेक्ष परिमार्जन गरी नयाँ जनमुखी अवधारणा थप्दै अघि बढ्नुपर्छ । त्यसरी क्रमिक रूपमा हुने परिवर्तनबाट अयोग्य वैचारिक र सैद्धान्तिक धारणा हटाउँदै समाजका लागि आवश्यक नयाँ वैचारिक र सैद्धान्तिक धारणाको विकास गर्दै जानुपर्छ । वैचारिक र सैद्धान्तिक रूपमा आएको परिवर्तनले नयाँ पार्टी र नयाँ विचारको उत्पत्ति पनि हुने गर्छ ।

गोरखापत्र

> सिद्धान्त, विचार तथा पार्टीको अस्तित्वका लागि परिवर्तित राजनीतिक वातावरणमा टिकाउन नयाँ पहिचानका साथ जसले अनुकूल बनाउन योग्य हुने गुणको विकास गर्न सक्दछ, तिनीहरू नै अस्तित्वमा आउँछन । जडसूत्र वादीको अस्तित्व विस्तारै लोप भएर जान्छ भने समयानुकूल आफूलाई अनुकूल बनाउने शक्तिले नेतृत्व हत्याउन सफल हुन्छन्रु। राजनीतिक पार्टीका नेता, कार्यकर्ता, शुभचिन्तक विभिन्न वर्गबाट आउनुको साथै उनीहरूको वैचारिक तथा सैद्धान्तिक पृष्ठभूमि तथा धरातल पनि फरक फरक हुने गर्छ । त्यसले गर्दा उनीहरूबीचको सोच, विचार र दृष्टिकोणमा पनि भिन्नता हुन्छरु। उनीहरूबीचको फरक सोच, विचार र दृष्टिकोणको कारण हरेक घटना र विषयवस्तुलाई हेर्ने दृष्टिकोण, समस्याको समाधान गर्ने तरिका, नैतिक मूल्य र मान्यता, आचारण, कार्यपद्धति, कार्यशैली आदिमा पनि केही न केही भिन्नता हुन्छरु। पार्टीभित्र विचार र दृष्टिकोणमा भएका भिन्नताले उत्पन्न हुने अन्तरद्वन्द्वको सही ढङ्गले व्यवस्थापन गर्ने विधिको विकास र प्रयोग गर्न नसक्दा पार्टीभित्र समस्या चर्कदै जान्छ र समूहगत गुटको विकासले प्रश्रय पाउँछ ।

# नेपाल दूरसञ्चार प्राधिकरणको २४ औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं । नेपाल दूरसञ्चार प्राधिकरणको २४औं वार्षिकोत्सव शुक्रवार सम्पन्न भएको छ । वार्षिकोत्सवमा



सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाल सरकारको डिजिटल नेपालको अवधारणा कार्यान्वयनमा ल्याई यस्ता कार्यक्रमलाई डिजिटल सेवामा सञ्चालन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरिरहेकोले अझै यस्ता प्रकारका कार्यका लागि प्राधिकरणले भूमिका खेल्नुपर्ने बताए । संचार मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले आफू नेपाल टेलिकमको अध्यक्षसमेत भएको भन्दै सेवाको गुणस्तरका विषयमा आफुलाई पनि अनुगमन र नियमन गर्न नेपाल दूरसंचार प्राधिकरणलाई आग्रह गरे । प्राधिकरणले पटकपटक मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम ( एमडीएमएस) को भाका सार्दै वैशाख मसान्त पुऱ्याएकोमा असन्तुष्ट सचिव अर्यालले छिटोभन्दा छिटो सञ्चालनमा ल्याउन प्राधिकरणलाई निर्देशन दिए ।

ग्रामीण दूरसंचार विकास कोष ( आरटीडीएफ) बाट स्रोत परिचालन गरी सेवा विस्तारमा ठेक्का पाएका सेवा प्रदायकहरूले के कसरी काम गरिरहेको छ भन्नेमा दूरसञ्चार प्राधिकरणले अनुगमन तथा गहिरो मूल्यांकन गरी लक्ष्यअनुरूप छ छैन भन्नेमा जोड दिनुपर्ने अर्यालले बताए।

अर्यालले प्राधिकरणसँग आर्थिक स्रोत भएको तर अन्य क्षमताहरू भने विकास गर्नुपर्ने सुझाव दिए । प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले वैशाखसम्ममा एमडीएमएस लागू हुने बताए ।सरकारको डिजिटल नेपालको अवधाराणालाई टेवा पुग्ने गरि धेरै काम भएको बताए । ग्रामिण दूरसञ्चार पहुँच निर्माणमा काम भइरहेकोले गुणस्तरिय सेवा प्रदान गर्न लागि परेको बताए । सूचना महामार्ग फाइबर डक्टिङ, ब्रोडब्यान्ड निर्माणलगायतको कामले गति लिएको उनले जानकारी दिए । उनले

बाँकी ६ पृष्ठमा

# खेलकुद

## स्पेनिस लिगमा बार्सिलोना विजयी

काठमाडौं । स्पेनिस लिग फुटबल ला-लिगामा गएराति बार्सिलोनाले एल्चेलाई २-१ ले हराएको छ । एल्चेको मैदानमा भएको खेलमा घरेलु टोलीका फिडेलले ४४औं मिनेटमा पहिलो गोल गरेका हुन । यसपछि सब्स्टीच्युट खेलाडीहरु फेरान टोरेस र मेम्फिस डिपेले एक एक गोल गर्दै बार्सिलोनालाई विजयी गराएका थिए । गएराति नैं भएको अर्को खेलमा एट्लेटिको मड्रिडले रियाल बेटिसलाई ३-१ ले हराएको छ । यसैगरी काडिजले रायो भायकानोलाई २-० ले हराउँदा सेल्टा भिगोले मयोर्कामाथि ४-३ को जित निकाल्यो । गएरातिको जितसँगै २६ खेलबाट ४८ अंक जोडेको बार्सिलोना स्पेनिस लिगको अंक तालिकामा तेस्रो स्थानमा उक्लिएको छ । २७ खेलबाट ५५ अंक जोडेको सेभिया दोस्रो स्थानमा रहँदा शीर्ष स्थानको रियाल मड्रिडको ६३ अंक रहेको छ ।

## संकटा झापा गोल्डकपको क्वार्टर फाइनलमा प्रवेश

झापा । संकटा क्लब काठमाडौं ५औं संस्करणको झापा गोल्ड कपको क्वार्टर फाइनलमा प्रवेश गरेको छ । नेपाल पुलिस क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै संकटाले क्वार्टर फाइनलको यात्रा तय गरेको हो । बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा आइतबार भएको खेलमा संकटाका उत्तम राईले ६५ औं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो । उनले फोडे फोफोनाको क्रसलाई हेडमार्फत गोलमा परिणत गरेका थिए । खेलको सुरुवाती समयदेखि नै दुवै टोलीले आक्रमक खेल खेलेका थिए । पुलिसले गरेका केही आकर्षक आक्रमण संकटाका गोलरक्षक रोहित कार्कीले उत्कृष्ट बचाउ गरे । पहिलो हाफ गोलरहित बराबरीमा टुंगिएको थियो । दोस्रो हाफमा दुवै टोली आक्रमक बने पनि स्कोर भने संकटाले मात्र गर्न सफलभयो । संकटाले खेलमा एक दर्जनभन्दा बढी प्रहारलाई गोलमा सदुपयोग गर्न सकेन ।

## पिपल्स च्वाइस अवार्डको मनोनयन सार्वजनिक

काठमाडौं । १८औं संस्करणको पल्सर स्पोर्ट्स अवार्ड २०७७ अन्तर्गत पिपल्स च्वाइस अवार्डका लागि ५ खेलाडीको मनोनयन सार्वजनिक भएको छ । मनोनयनमा पर्ने खेलाडीमा फुटबलकी एन्जिला तुम्बापो सुब्बा, एथ्लेटिक्सकी सन्तोषी श्रेष्ठ, टेबल टेनिसकी एलिना महर्जन, ब्याडमिन्टनका प्रिन्स दाहाल र क्रिकेटका कुशल भुर्तेल रहेका छन् ।




आयोजक नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले चैत दोस्रो साता हुने अवार्डका लागि आज काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै पिपुल्स च्वाइस अवार्डको मनोनयन सार्वजनिक गरेको हो । उनीहरुलाई २०७७ सालभरिको प्रदर्शन र पाएको चर्चाको आधारमा पिपुल्स च्वाइस विधाको लागि खेलाडी छनोट गरिएको मञ्चले जनाएको छ । मनोनयनमा परेका खेलाडीको उत्कृष्टताको छनोट इ-सेवा मार्फत एसएमएम भोटिङ, फेसबुक लाईक, खेलकुद पत्रकार मञ्चका सदस्य र राष्ट्रिय खेल संघका मुख्य प्रशिक्षकको भोटको आधारमा गरिने मञ्चले जनाएको छ । यसपालीको अवार्ड 'दशक अवार्ड' हुनेछ । यो एक दशकका उत्कृष्ट खेलाडीहरु यसपालीको 'दशक अवार्ड'बाट सम्मानित हुनेछ । जसमा सर्वोत्कृष्ट दशक पुरुष खेलाडी, सर्वोत्कृष्ट दशक महिला खेलाडी, सर्वोत्कृष्ट दशक प्रशिक्षक पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, एसियन स्पोर्टस जर्नालिस्ट अवार्ड र पिपल्स च्वाइस अवार्ड हुनेछ ।

## सर्वकालीन महान लेगस्पिनर शेन वार्नको निधन

काठमाडौं । अस्ट्रेलियाका महान क्रिकेटर शेन वार्नको ५२ वर्षको उमेरमा निधन भएको छ । वार्नका व्यवस्थान टोलीले दिएको जानकारी अनुसार थाइल्याण्डको कोह सामुईमा हृदयघातका कारण निधन भएको जानकारी दिएको छ । विश्ववै सर्वकालीन महान लेग स्पिनरको व्यवस्थपन टिमले जारी गरेको वक्तव्यमा भनिएको छ, 'शेनलाई आफ्नै घरमा अचेत भेटिएका थिए । चिकित्सा टिमको धेरै प्रयासका बाबजुद उनलाई बचाउन सकिएन ।' परिवारले गोपनियताको आग्रह गरेका कारण धेरै जानकारी गराउन नसकिएको वक्तव्यमा भनिएको छ । एजेन्सीको सहयोगमा

## दाङ क्रिकेट लिगमा पनि अक्सन हुने

दाङ । दाङ क्रिकेट संघको आयोजनामा चैत १२ गतेदेखि जिल्लामै ठूलो प्रतियोगिता रुपमा 'दाङ क्रिकेट लिग-२०७८' हुने भएको छ । शुक्रबार घोराहीमा पत्रकार सम्मेलन गर्दै संघले पाँचवटा फ्रेन्चाईज क्लबमार्फत अक्सनमा आधारित रही खेलाडी खरिद गरी प्रतियोगिता गर्न लागेको बताएको छ । संघका अध्यक्ष प्रदिप मज्गैयाले पाँचवटा टिम रहने प्रतियोगितामा हरेक टिमले १४ जना खेलाडी खरिद गर्ने बताए । उनका अनुसार प्रत्येक टिममा दाङका १६ वर्ष मुनिका २ जना, १९ वर्ष मुनिका दुईजना र सिनियर खेलाडीको हकमा कप्तानसहित ६ जना रहने छन् । त्यस्तै लुम्बिनी प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी २ जना र नेपालभरबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी २ जना गरी १४ जना खेलाडीको टिम रहनेछ । जसमा १३ जना अक्सन विधिबाट आउने छन् भने एक जना महत्वपूर्ण खेलाडीको रुपमा महंगो मूल्रुयमा टिम आफै भित्राउन पाउनेछ । सो खेलाडी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेको र जिल्ला बाहिरको हुनुपर्ने प्रावधान राखिएको छ । हरेक टिमका खरिद गर्दा न्यूनतम ८४ हजारदेखि अधिकतम १ लाख ४८ हजार रुपैयाँ खर्च गर्न सक्ने सीमा तोकिएको छ । दाङ जिल्ला क्रिकेट संघका पूर्व अध्यक्ष किशोरचन्द्र गौतमले एकजना खेलाडी बराबर न्यूनतम ४ हजार मूल्रुय तोकिएको छ । चैत १८ गतेसम्म दाङको घोराही रंगशालामा हुने प्रतियोगिताको राशि नगद २ लाख राखिएको छ ।

## राष्ट्रिय........

यता, एक जना महासचिव पदका लागि राधेश्याम सुवाल, केदारप्रसाद कोइराला, त्रिलोकबहादुर चन्द, वीरेन्द्रकुमार ठाकुर, उमेश प्रसाद, अन्जिता खनाल, इन्द्रबहादुर अधिकारीले उम्मेदवारी दर्ता गराएका छन् । कोषाध्यक्ष पदका लागि जगतबहादुर कार्की, गोविन्द उपाध्याय र भरतबहादुर राउतले उम्मेदवारी दर्ता गराएका छन् भने १४ जना सदस्यका लागि ४४ जनाले उम्मेदवारी दर्ता गराएका हुन् ।

बुधबार उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने निर्वाचन अधिकृत सानुभाई शाक्यले जानकारी दिनुभयो । बारले देशभरका ३५ वटा मतदान केन्द्रबाट निर्वाचन गरी २०७८ चैत १९ गते नयाँ कार्यसमिति गयन गर्ने शाक्यले जानकारी दिनुभयो । बारको निर्वाचन प्रकृया फागुन १० गते देखि शुरु भएको हो ।

## युक्रेनी......

ध्रुवीकरणको आकलन गरेर नै हुनुपर्छ अफेन्समा युद्धहरु सञ्चालन गर्न थालिसकेको छ । सिरियाको सरकारलाई साथ दिन देखि युक्रेनको युद्धसम्मका घटनाहरु त्यस्तै देखिन्छन् ।

चीनको अमेरिकालाई अल्भाएर आर्थिक रुपमा फष्ट हुने दाउमा

युक्रेनको युद्धमा चीनले मध्यस्थको रुपमा भूमिका खेलेको जस्तो देखाउँदै रुसको समर्थनमा देखिन्छ । कुनैबेलाको अमेरिकाको वैचारिक द्वन्द्व भएका राष्ट्र चीन र रुस एकै खेमामा उभिएका छन् । उता अमेरिकालाई सधैं साथ दिएका पश्चिमी युरोपीयन राष्ट्रहरुले खासै खुलेर युक्रेनको पक्षमा बोलेका छैनन् । युद्धमा फसेका मानिसहरुलाई उद्धार गर्न फ्रान्सका राष्ट्रपतिले रुसका भ्लादिमिर पुटिनलाई टेलिफोन गर्नुबाहेक सायद शक्तिको अगाडी कसैको केही लाग्दैन भनेर पनि होला विश्वको भौगोलिक हिसाबमा पनि रसिया विश्वको एक तिहाई अर्थात विश्वको तीन भागको एक भाग रुसको भुभागमा अवस्थित छ । भने शक्तिको हिसाबमा पनि आर्थिक , सैन्य सामरिक, सवैमा अगाडी नै छ । तर जे जस्तो शक्ति भएपनि निहत्था युक्रेनका सर्वसाधरणलाई नै असर पुग्नेगरी युक्रेनमा हवाई हमला गर्नु रुसको कार्य राम्रो होइन । हुनत साना र कमजोर राष्ट्रलाई राष्ट्र नै नदेख्ने राष्ट्र रुस नै हो । रुसले नेपाललाई संयुक्त राष्ट्रसंघमा सदस्यता लिने विषयमा नेपाल भन्ने राष्ट्र कहाँ छ भनेर ? नेपाललाई पनि होच्याउने काम गरेको थियो । रुसको यस्तै कमजोरीहरुले गर्दा नै सोभियत संघको पतन भएको हुनुपर्छ । अहिले युक्रेनका जनतामाथिको बवरताले त्यही भल्काउछ । रुसको हमलाले युक्रेनका जनताको जीवन रक्षाको लागि नेपलकाको सरकारले त आफ्नो धारणा सार्वजानिक गरिसकेको छ ।

नेपाली जनता विश्वमा जाहा अफ्ठ्यारो पर्छ त्याहाका मानवताको लागि सत्यको लागि बोल्न आवाज उठाउन तयार हुन्छन् । युक्रेनका जनताको जोखिममा परेकालाई विश्वका मानवजातिले गर्नुपर्ने दाइत्व हुन्छ । त्यो दाइत्व बहन गर्न नेपाल देशका नेपाली तयार छन् । अफ्ठ्यारोमा परेका मानवजातिलाई सहयोग गर्नु जुनसुकै देशका मानवको कर्तव्य हो ।

## नेपाल....

अन्तरनिकाय समन्वयन नभएकोले कामगर्न कठिन हुने गरेकोले त्यसलाई मिलाउन मन्त्रीलाई अनुरोध गरेका थिए । उनले यूटीएल ले हडपेर राखेको गण्डकी प्रदेशको सूचना महामार्ग निर्माणको काम पनि सुरू गराउनुपर्ने बताए । 'पूर्वका दुई खण्ड र पश्चिमका दुई खण्ड सकिने तर मध्य भागको एक खण्ड यसै रहने हो भने हामी जोडिन सक्दैनौं यसर्थ यो काम छिट्टो होस,' उनले भने । अध्यक्ष खनालले कम्पनीहरूको आयमा भएको कमीले राजस्व कम भएको पनि बताए । सेवा प्रदायकले एक वर्षमा चार अर्ब रोयल्टी र ३ अर्ब फ्रिक्वेन्सी बापत रकम बुझाएको बताए। जसमा ६ अर्ब सरकारी कोषमा र १ अर्ब ७१ करोड ग्रामीण दूरसञ्चार कोषमा जम्मा भएको बताए। उनले ओटीटीलाई र तिनले प्रसारण गर्ने सामग्रीको पनि नियमन गर्न स्पष्ट कानूनी व्यवस्था गरिनुपर्ने पनि बताए । कार्यक्रममा मन्त्री कार्कीले सेवाप्रदायकको गुणस्तर मापन गर्ने एप सार्वजनिक गरे । मोबाइल सेवा गुणस्तर सम्बन्धी सर्वसाधारण प्रयोगकर्ताहरूको प्रत्यक्ष अनुभव बटुल्न एकीकृत प्लेटफर्मको रूपमा प्राधिकरणले क्यूओए नामक एप सार्वजनिक गरेको हो ।

कार्यक्रममा वर्षभरको कार्य मूल्यांकन गर्दै उत्कृष्ठ कर्मचारी घोषणा गरिएको थियो । यस वर्षको उत्कृष्ठ कर्मचारी पुरस्कार प्राधिकरणका निर्देशक सुमन शाक्य भएका छन् । त्यस्तै, कार्यक्रममा लामो अवधी सेवा गरेकोमा निर्देशक सन्तोष पौडेल र निर्देशक सुरेन्द्रलाल हाडालाई सम्मान गरिएको थियो ।

## सार्वजनिक........

दिएको सुनाए । उनले केन्द्रीय सरकारदेखि प्रदेश सरकारसम्म, वर्तमानदेखि पूर्ववर्तमान सम्म, पहिलादेखि हालसम्म सरकारमा रहनेहरुले नीजि क्षेत्रका कुनै निति निर्माण नगरीकन पलायन गराउन खोजेको आरोप लगाए । उनले भने,'केन्द्रीय सरकारदेखि प्रदेश सरकारसम्म, वर्तमानदेखि पुर्व वर्तमानसम्म, पहिलादेखि हालसम्म सरकारमा रहनेहरुले नीजि क्षेत्रका कुनै निति निर्माण नगरीकन पलायन गराउने, लगानी ध्वस्त बनाउने, यसप्रति साभा दृष्टिकोण नबनाउने र आफै तडि़पएर कमजोर भएर जाने परिस्थितिको सृजना भएको छ ।'

उनले २०६५ सालमा यातायात क्षेत्रको लागि सरकारले एउटा भाडा नीति बनाएको उल्लेख गरे । सोही नीतिको आधारमा गत असारसम्म भाडादर कायम भइरहेको उनले बताए । ७३ सालदेखि ०७८ सालसम्म आइपुग्दा बाग्मती प्रदेशमा ट्याक्सीको भाडा अहिलेसम्म समायोजन हुन नसकेको पनि उनले स्पष्ट पारे । उनले भने,'०७३ देखि ट्याक्सीको भाडा अहिलेसम्म समायोजन हुन सकेको छैन् ।'

संघीय सरकारले गत असार २८ गते भाडा समायोजन गर्दा डिजेलको मूल्य प्रतिलिटर १०७ रुपैयाँ रहेको र तत्पश्चात पटक-पटक मुल्य वृद्धि भै हाल डिजेल प्रतिलिटर १३३ रुपैयाँ कायम भएको पनि उनले जानकारी दिए ।

असार २८ गते पछि २७ रुपैयाँ पेट्रोलियम पदार्थको मुल्य बढेपनि आजसम्म भाडा समायोजन नगरेको उनले गुनासो पोखे । चैत्र १ गतेबाट आफूहरुले आन्दोलन गर्ने, त्यसबाट पर्ने कठिनाई र जिम्मेवारी राज्यले लिन पर्ने उनले बताए । आजमात्रै सम्बन्धित मन्त्रालयमा गई मन्त्रीलाई ज्ञापनपत्र बुझाएर आएको उनले सुनाए ।

उनले हवाइ यातायातमा पेट्रोलियम पदार्थको मुल्य वृद्धि भएको २४ घण्टामा हवाई भाडा बढ्ने तर आफूहरुको नबढेको भन्दै आपत्ति जनाए । कार्यक्रममा प्रेश विज्ञप्ती पढेर महासचिव भरत नेपालले सुनाएका थिए ।

## हुण्डी.......

अमित कुमार अग्रवाल बस्ने घरको गेट अगाडि बिकी खड्गीलाई फेला पारी सोधपुछ गर्दा उनले कालीमाटीस्थित जीवनदृष्टी बहुउद्देश्यीय सहकारी संस्थाबाट ५० लाख रूपैयाँ ल्याई अमित कुमारको कोठामा पुर्‍याइ दिएको बताएपछि अमित कुमारको डेरा तलासी गर्दा नेपाली नगद १ करोड ५० लाख फेला परेको थियो ।

उनीहरूबाट विभिन्न चेक, भौचर प्याड, कारोबार सम्बन्धी विभिन्न कागजातहरू, २ थान ल्यापटप र २ थान मोबाइल समेत प्रहरीले बरामद गरेको छ । उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन ललितपुर पठाइएको छ ।

## चैत्र.....

र प्रमाण-पत्र, उत्कृष्ट सेटर ५ हजार नगद ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट ब्लकर ५ हजार नगद ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट डिफेण्डर ५ हजार नगद ट्रफि र प्रमाण-पत्र, उत्कृष्ट सर्भर ५ हजार नगद ट्रफि र प्रमाण-पत्र रहेको छ भने उत्कृष्ट प्रशिक्षकलाई पनि ५ हजार नगद ट्रफि र प्रमाण-पत्र प्रदान गरिने छ । त्यसैगरी ब्याडमिन्टनतर्फ प्रथम पुरस्कार १५ हजार नगद, ट्रफि मेडल र प्रमाण-पत्र, द्वितीय पुरस्कार १० हजार नगद ट्रफि, मेडल र प्रमाण-पत्र, तृतीय पुरस्कार ५ हजार नगद, ट्रफि, मेडल र प्रमाण-पत्र रहेको छ भने सान्त्वना पुरस्कारमा २ हजा ५ सय रुपैयाँ नगद सहित ट्रफि र प्रमाण-पत्र रहेको छ । त्यस्तै उत्कृष्ट खेलाडी पुरस्कार १ हजार नगद सहित ट्रफि र प्रमाण-पत्र रहेको छ । ब्याडमिन्ट खेल पुरुष तथा महिलातर्फ छुट्टाछुट्टै खेलाइने छ भने पुरस्कार पनि दुवैतर्फकालाई प्रदान गरिने छ ।

# आभूषण निकासीमा सरकार प्रतिबद्ध छः सचिव पोखेल

काठमाडौं । सरकारले मुलुकभित्र उपलब्ध बहुमूल्य पत्थर उत्खननका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने भएको छ । मुलुकभित्रका खानीको उत्खनन गर्दै बहुमूल्य रत्न आभूषणको प्रशोधन गर्दै निकासी बढाउन सरकार प्रतिबद्ध रहेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव अर्जुन प्रसाद पोखेलले बताए । सचिव पोखेलले सरकारको नीति नै निजी क्षेत्रसँग सहकार्य वृद्धि गर्दै उत्पादन तथा निकासी वृद्धि गर्ने रहेकाले सहकार्यका लागि आग्रह समेत गरेका छन् । नेपाल रत्न तथा आभूषण संघको १७ औं साधारणसभाको उद्घाटन पछि सम्बोधन गर्दै सचिव पोखेलले अन्तर मन्त्रालय तथा निकायबीच समन्वयको अभावका कारण रत्न तथा आभूषण क्षेत्रलाई सरकारले पर्याप्त सम्बोधन र सहजीकरण गर्न नसकेको स्वीकार गर्दै आउँदा दिनमा यसलाई सुधार गर्दै अघि बढ्ने बताए । उनले भने, जन्मदेखि मृत्यु संस्कारसम्म सुनचाँदीका गरगहना चाहिने समाजका लागि यो क्षेत्रको महत्व विशिष्ठ रहेकाले सरकारले यो क्षेत्रको विकास र विस्तार गर्न चाहेको छ । कार्यक्रममा संघका अध्यक्ष ज्योत्स्ना श्रेष्ठले सुनचाँदीका गरगहनाको बजार वार्षिक १० प्रतिशत हाराहारीमा बढिरहे पनि सुन आयात र वितरणमा कोटा घटाइएकाले व्यवसायमा समस्या रहेको बताइन् । सरकारले पर्याप्त मात्रामा सुनचाँदी उपलब्ध गराए आफूहरुले गरगहना निकासी गरेर व्यापारघाटा कम गर्न सहयोग गर्ने उनको भनाइ छ । चाँदी आयातमा शतप्रतिशत नगद मार्जिन राख्नुपर्ने लगायतका व्यवस्था अव्यावहारिक भएको भन्दै उनले सरकारले आफूहरुको क्षेत्रलाई अनुत्पादक श्रेणीमा राखेको भन्दै आपत्ति जनाइन् । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले व्यवसायीको आवश्यकता र बजारको मागअनुसार सुनको कोटा निर्धारण गर्दै नियमन व्यवसायीमैत्री हुनुपर्ने धारणा राखे । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्षहरु दिनेश श्रेष्ठ, अञ्जन श्रेष्ठ र रामचन्द्र संघईले मुलुकको आर्थिक विकासमा रत्न तथा आभूषण क्षेत्रको सकारात्मक योगदान रहने भएकाले सरकारले नीतिगत सहयोग गर्नुपर्ने तथा निकासीका लागि सुविधा उपलब्ध गराउनुपर्ने धारणा राखेका थिए ।

# प्रहरीको कुटाइबाट व्यापारीको मृत्यु

सुर्खेत । सुर्खेतमा कालिकोटका एक व्यापारीको मृत्यु भएको छ । नेपालगञ्जबाट व्यापारका लागि टूकमा सामान बोकेर आउँदै गरेका कालिकोट तिलागुफा नगरपालिका ३ का २५ वर्षीय मिन हमालको मृत्यु भएको हो । व्यापारी हमाल नेपालगञ्जबाट शुक्रबार बेलुका टूकमा सामान राखेर कालिकोट जादैं थिए । त्यही क्रममा सुर्खेत वीरेन्द्रनगरस्थित सुब्बाकुना प्रहरी चेकपोष्टमा सामान बढी हालेको विषयमा प्रहरीसँग वादविवाद भएको थियो । विवादकै क्रममा प्रहरीले कुटेको हमालको आफन्तको आरोप छ । नेपालगञ्जबाट भे १ क ९२२ नम्बरको टूकमा सामान लिएर हिँडेका उनलाई सुब्बाकुना प्रहरीले मरणासन्न हुने गरी कुटेको आफन्तको आरोप छ । मृतकका काका कलमबहादुर हमालका अनुसार गाडीका दुई जना स्टाफलाई प्रहरीले कुटेपछि यसो नगर्न हमालले आग्रह गरेका थिए । यसो नगर्न भनेपछि उनीमाथिनै प्रहरी जाइ लागेको कमलबहादुरले बताए । 'प्रहरीले तल्लो पेट र अण्डकोषमा प्रहार गरेको थियो ।' उनले भने । हमालको शव सुर्खेत हस्पिटलमा राखिएको छ । कालिकोटबाट आफन्त आउँदै गरेको जनाएका छन् । हमालको मृत्यु शंकास्पद भएकाले छानबिनको माग गरेको मृतकका छिमेकी रनबहादुर खत्रीले बताए । के कति कारणले मृत्यु भयो भन्ने 'दयगत अनुशन्धान भइरहेको सुर्खेत प्रहरी प्रवक्ता रामप्रसाद घर्तीले बताए । 'कुटपिटपछि मृत्यु भन्ने खबर आयो ।' उनले भने, 'विस्तृत विवरण बुझ्दैछौं ।

# मानव बेचविखनमा संलग्न व्यक्ति पक्राउ

काठमाडौं । मानव बेचबिखन तथा ओसारपसार उद्योग कसूरमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका ४ डेरा गरी बस्ने मकवानपुर हेटौंडा उपमहानगरपालिका १९ घर भएका ३९ वर्षीय मोती लामालाई सोमबार प्रहरीले पक्राउ गरेको छ । आर्थिक अवस्था कमजोर भएका सोझासाझा व्यक्तिहरूलाई एउटा मृगौला झिक्दा खासै फरक नपर्ने र ८ लाख रुपैयाँ हात पर्छ भनी प्रलोभन देखाई मृगौला झिक्नको लागि भारत लैजाने प्रयोजनार्थ काठमाडौं महानगरपालिका १६ माछापोखरी ईलाकामा ल्याई राखिएको भन्ने गोप्य सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले माछापोखरीस्थित होटल न्यू दक्षिणकालीबाट दुईजना पीडितहरुलाई उद्धार गर्नुका साथै मोतीलाई पक्राउ गरेको हो ।

# मेलम्ची मुहानको मर्मत ८० प्रतिशत सम्पन्न, चैतभित्र पानी ल्याइने

काठमाडौं, फागुन २३ गते । २०७७ गते असार १ गतेको बाढी पहिरोले क्षति पुगेको मेलम्ची खानेपानी आयोजनाको मर्मतकार्य ८० प्रतिशत सम्पन्न भएको छ । चैतभित्र काठमाडौं उपत्यकामा अस्थायी रुपमा भए पनि पानी ल्याउने तयारीमा पुगेको मेलम्ची खानेपानी वितरण विकास समितिका प्रवक्ता र जिन्द्रप्रसाद पन्तले जानकारी दिनुभयो । चिनियाँ ठेकेदार कम्पनी सिनो हाइड्रोले नेपाली सेनाको सहयोगबाट ढुङ्गा विष्फोट गराएर नदी सफाइ गर्ने काम ८० प्रतिशत काम सकिएको जनाएको छ । अस्थायी रुपमा काठमाडौंमा पानी ल्याउन मेलम्ची नदीको गेट १, ९ र ३८ मात्र प्रयोग हुने भएकाले मर्मतको काम अन्तिम चरणमा पुगेको समेत पन्तले जानकारी दिनुभयो । गेट नम्बर ३८ मा हाइड्रोलिक सिष्टम बिग्रिएकाले यसमा थप मर्मतको काम शुरु भएको छ, बाँकी गेटमा भएको क्षति हेरेर अस्थायी रुपमा पानी सञ्चालन गर्न नयाँ गेट जडान गर्नेगरी तयारी थालिएको उहाँले बताउनुभयो । मुहानमा खसेका ढुङ्गा माटो सफाइको काम सकिएकाले चैतसम्म पानी आउने समितिले जनाएको छ । गत असार १ गतेको बाढी पहिरोले क्षति पुगेको मेलम्चीको पानी पिउने काठमाडौं उपत्यकावासीको सपना पर धकेलिएको छ । आउने चैतसम्म काठमाडौं उपत्यकामा १७ करोड लिटर पानी दैनिकरुपमा वितरण गर्ने समितिको लक्ष्य छ ।

## अन्तराष्ट्रिय समाचार

# युक्रेनका राष्ट्रपतिद्वारा रुसमाथि थप प्रतिबन्ध लगाउन पश्चिमा देशसँग अनुरोध

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसमाथि थप प्रतिबन्ध लगाउन पश्चिमा देशसँग अनुरोध गर्नुभएको छ । रुसी सेनाले युक्रेनमा आक्रमण तीव्र पारिरहेका बेला जेलेन्स्कीले रुसमाथि थप प्रतिबन्ध लगाउन अनुरोध गर्नुभएको हो।रुसमा उत्पादित सामग्री बहिष्कार गर्न र त्यहाँको तेल आयात नगर्न समेत उहाँले अनुरोध गर्नुभएको छ । यसअघि पश्चिमा देशहरुले रुसमाथि एकपछि अर्को प्रतिबन्ध लगाएका थिए । रुसी सेनाको हमलामा १०औं हजार सर्वसाधारण विभिन्न सहरमा फसेको विवरण सार्वजनिक भएका छन् । रुस र युक्रेन सरकारका प्रतिनिधिबीच तेस्रो चरणको वार्ताको तयारी भएको बीबीसीले जनाएको छ । रुसले युक्रेनमाथि आक्रमण गरेको १३औं दिन हुँदा रुसी सेनाले युक्रेनको राजधानी किभमा आक्रमण गर्ने चेतावनी दिएको छ । युक्रेनका विभिन्न शहरमा आक्रमण जारी राखेकै बेला राजधानी किभमा पनि आक्रमण गर्ने चेतावनी दिएको हो । सोमबार युक्रेनी शहरहरूलाई लक्षितगरि रुसी सेनाले हवाई स्थल र समुद्रबाट आक्रमण गरेका छन । जसका कारण कयौंको हताहती भएको बताईएको छ । रुसी सेनाले देशको दक्षिणमा पर्ने ओडेसा क्षेत्रको तुल्जी गाउँमा समुद्रबाट गोलाबारी गरेको र महत्वपूर्ण पूर्वाधार साइटहरूलाई निशाना बनाएको जनाइएको छ । निरन्तर जारी रहेको आक्रमणका कारण हालसम्म युक्रेनको सीमाबाट १५ लाख भन्दा बढी मानिस शरणार्थीका रूपमा बाहिएका छन् । कैयौं आन्तरिक रूपमा विस्थापित भएका छन् वा रुसी बमबारीले भग्नावशेषमा परेका शहरहरूमा फसेका छन। रुसी समाचार संस्था इन्टरफ्याक्सले रुस समर्थक पृथकतावादी विद्रोहीहरूले कब्जा गरेको सहर लुगान्स्कमा एउटा इन्धन डिपोमा ठूलो विस्फोट भएको जनाएको छ । खार्किभको एक विश्वविद्यालय र अपार्टमेन्ट ब्लकमा रुसी सेनाबाट भएको आक्रमणमा भवनहरु ध्वस्त हुनुको साथै कैयौं व्यक्तिको ज्यान गएको छ । युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले बढ्दो विनाश र मृत्यु विरूद्ध आक्रोश व्यक्त गर्दै रुसी सेनाले ज्यादती गरेको बताउनुभएको छ ।

उता, संयुक्त राष्ट्रसंघले दोस्रो विश्वयुद्धपछि युरोपमा सबैभन्दा द्रुत गतिमा शरणार्थी संकट देखिएको जनाएको छ ।

# पश्चिमा देशलाई चीनको आग्रह

चीनले रुस र युक्रेन युद्धलाई धेरै नभड्काउन पश्चिमा देशहरुलाई आग्रह गरेको छ । चिनियाँ विदेशमन्त्री वाङ यीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनसंगको टेलिफोन वार्ताका क्रममा युद्धको आगोमा घ्यू थप्ने गतिविधि नगर्न आग्रह गर्नुभएको हो । चिनियाँ दैनिक ग्लोबल टाइम्सका अनुसार विदेशमन्त्री यीले आफूहरु रुस र युक्रेनबीच सिधा वार्ताको पक्षमा रहेको भन्दै संवादबाट मात्रै समस्या समाधान हुने प्रष्ट पार्नुभएको छ । रुसको निकट सहयोगीका रुपमा रहँदै आएको चीनले युक्रेनमाथि रुसी आक्रमणको आलोचना गरेको छैन । बरु राष्ट्रसंघमा युक्रेन युद्धलाई लिएर भएका महत्वपूर्ण मतदानमा चीन अनुपस्थित हुँदै आएको छ । चीन युरोपमा युद्धको पक्षमा नरहेको देखाउन चाहन्छ भने रुससँगको सैन्य सहकार्य पनि बलियो बनाउन चाहन्छ । चिनियाँ विदेशमन्त्री यीले रुस र युक्रेनबीच इमान्दार वार्ता गराउन र रुसको सुरक्षा चासो सम्बोधन गर्न अमेरिका, नेटो र युरोपियन युनियनलाई आग्रह गर्नुभएको पनि ग्लोबल टाइम्सले जनाएको छ ।

# पाकिस्तानको पेशावरमा आत्मघाती आक्रमण, ३० जनाको मृत्यु

काठमाडौं । पाकिस्तानको पेशावरस्थित एक मस्जिदमा आज आत्मघाती आक्रमण हुँदा ३० जनाको मृत्यु भएको छ । आक्रमणमा परेर ५० जना घाइते भएका छन् । पाकिस्तानी संचारमाध्यम 'जियो न्यूज'का अनुसार शुक्रबार मानिसहरु प्रार्थना (नमाज) गरिरहेका बेला उक्त आक्रमण भएको थियो । घाइते ५० जनामध्ये १० जनाको अवस्था गम्भीर रहेको पनि पाकिस्तान प्रहरीले जनाएको छ । घटनाको अहिलेसम्म कुनै पनि आतंककारी संगठनले जिम्मा नलिएको पनि जनाइएको छ । पेशावर प्रहरीका अनुसार मानिसहरु नमाज पढिरहेका बेला दुइजना व्यक्तिले मस्जिदभित्र प्रवेश गर्ने कोसिस गरेका थिए । उनीहरुलाई रोक्न खोज्दा प्रहरीमाथि आक्रमण गरेका थिए । त्यसपछि मस्जिदमा विस्फोट भएको थियो । सो आक्रमणको पाकिस्तानका प्रधानमन्त्री इमरान खानले निन्दा गर्नुभएको छ । एजेन्सी

# चीनको रक्षा बजेट करिब ७ प्रतिशतले वृद्धि

चीनले सन् २०२२ को रक्षा बजेट करिब ७ प्रतिशतले बढाएको छ । समाचार एजेन्सीले एएफपीले सरकारी बजेट रिपोर्टलाई उद्धृत गर्दै चीनले ७.१ प्रतिशत रक्षा बजेट बढाएको उल्लेख गरेको छ । समाचार अनुसार एक सरकारी बजेट रिपोर्टबाट चीन सरकारले २३० अर्ब डलर राष्ट्रिय सुरक्षाका लागि छुट्टाएको छ । यसअघि सन् २०२१ मा चीनले २०९ अर्ब डलरको रक्षा बजेट पेश गरेको थियो । चीनको सरकारी अखबार ग्लोबल टाइम्सले रक्षा बजेट वृद्धिको कारणमा सकारात्मक आर्थिक विकास र सुरक्षा खतरा भनेको छ । चीनका सैन्य विशेषज्ञ फु कियानशाओले ग्लोबल टाइम्ससँग कुरा गर्दै रक्षा खर्च राष्ट्रिय अर्थव्यवस्थाको विकाससँग नजिकबाट जोडिने भएकोले सैन्य खर्च वृद्धिलाई स्वाभाविक भनेका छन् । चीनले हरेक वर्ष रक्षा बजेट बढाउँदै आए पनि यस पटक रुसको आक्रामकतासँग जोडेर हेरिएको छ । जर्मनीले पनि हालै रक्षा बजेट बढाएको थियो । सबैभन्दा धेरै रक्षा बजेट छुट्याउने देशहरुको सूचीमा अमेरिका पहिलो स्थानमा छ । चीन दोस्रो, भारत तेस्रो र रुस चौथो स्थानमा छन् ।

# इन्डोनेसियामा आपराधिक समूहले गरे आठ जनाको हत्या

इन्डोनेसियामा आपराधिक समूहको आक्रमणमा परी कम्तीमा आठ सर्वसाधारणको मृत्यु भएको छ । पपुपाका पृथकतावादीहरूले उनीहरूको हत्या गरेको सरकारी अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन् । मारिएकाहरू प्रविधिसम्बन्धी कम्पनीमा काम गर्ने कामदार हुन् । सो कम्पनीको टावरलाईसमेत असर पार्ने गरी उनीहरूले आक्रमण गरेको जनाइएको छ । सरकारी अधिकारीहरूले खराब मौसमका कारण उनीहरूको उद्धार गर्न नसकिएको जानकारी दिएका छन् । हवाइ यातायातको साधन प्रयोग गरेर मात्रै घटनास्थलमा पुग्न सकिने भएकाले सरकारी अधिकारीहरू पुग्न कठिन भएको बताइएको छ । 'हामीले हाम्रो टोलीलाई त्यता पठाउनका लागि तयारी गरिरहेका छौं, अनुकूल हुनासाथ हाम्रो टोली घटनास्थलमा पुगेर विस्तृत विवरण लिएर आउने छ र उनीहरूलाई पनि उद्धार गर्नेछ,' एक अधिकारीले भने ।

# पुस्तक चर्चा : तोयानाथको गीति भागवत भाग १



तेज प्रकाश बानियाँ


साहित्यकार तोयानाथ सुबेदीको जन्म वि.सं. २०१७ साल फागुन ७ गते ओखलढुङ्गा जिल्लाको नर्मदेश्वर-१ मा भएको हो । पिता डिल्ली प्रसाद सुवेदी र माता पूर्ण कुमारी सुवेदीका साहिँला सुपुत्रको रुपमा जन्मनु भएका तोयानाथको बाल्यकालमा पिताको साथ बित्यो । उहाँले कखहरा घरैमा सिक्नु भयो । त्यसपछि ६ वर्षको उमेरमा गाउँको हिमगंगा निम्न माध्यमिक विद्यालयमा १ कक्षामा भर्ना भएर ८ कक्षासम्म त्यहाँ अध्ययन गर्नुभयो ।

त्यसपछि काठमाडौँ गएर वि.सं. २०३५ साल माघ २ गते सेनामा भर्ना हुनुभयो । फुर्सदको समयमा नक्साल स्थित नन्दीरात्री हाईस्कूलमा अध्ययन गरेर एस.एल.सी उत्तीर्ण गर्नुभयो । शिक्षा प्रेमी तोयानाथले अझै पनि फुर्सदमा उच्च शिक्षा हाशील गर्न ल क्याम्पसमा भर्ना भइ वि.एल. सम्मको अध्ययन गरी नेपाल कानून व्यवसायी परिषदको सिफारिसमा अधिवक्ताको उपाधि प्राप्त गर्नुका साथै श्री पुनरावेदन अदालत पाटनको सदस्यता समेत प्राप्त गर्नु भएको छ । यसो, उसो गर्दै भन्दै जाँदा सेना तर्फको नोकरीको पेन्सन पाकिसकेको हुँदा २०५२ फागुन मसान्तमा राजीनामा दिनुभयो र तुरुन्त चैत्रबाट पुतलीसडक स्थित सेक्रेटरिएल कम्प्युटर अफिसमा काम गर्न थाल्नु भयो ।

तत्पश्चात सेनाको कल्याणकारी औषधोपचार, उप समिति प्रशासन फाँटमा मिति वि.सं. २०६१ वैशाख १ गतेबाट २०६७ चैत्र मसान्तसम्म सेवा गर्नुभयो र त्यहाँबाट अवकाश लिनुभयो । जागीर छोडी सक्दा पनि उहाँको जोस जाँगर र हौसलामा कुनै कमी आएको छैन । जस्ताको तस्तै हुनुहुन्छ । हाल उहाँ १२ वर्षदेखि परिवारका साथ काठमाडौँको सिनामङ्गल काँडाघारीमा बस्दै आउनु भएको छ । उहाँ समाजसेवा र साहित्य साधनामा लाग्नु भएको छ ।

उहाँको र मेरो चिनापर्ची कसरी भयो भन्नु पर्दा म गोगंबु साहित्यमा आवद्ध हुनाले जाने आउने गरिरहन्थें । २ वर्ष यतादेखि उहाँ पनि आउन थाल्नु भयो । त्यसै क्रममा भेटघाट हुँदाहुँदै घनिष्टता बढ्यो । उहा ज्यादै लगनशील र मिहिनेती हुनुहुन्छ । उहाँलाई साहित्यमा बाल्यकालदेखि नै रुचि थियो । स्कूल लेभल देखि नै २/४ गोटा बालगीत र कविता लेख्नु भएको रहेछ ।


सहरमा जस्तो छपाउने सुविधा गाउँमा नहुने भएकोले ऐले ती बाल कविता हराइसके । गत मंसिर १ गते आधुनिक साहित्य परिषद्को वार्षिक उत्सवमा उहाँ आउनु भएको रहेछ । उक्त कार्यमा मैलेपनि सहभागि हुने अवसर पाएको थिएँ । हामी दुई भेटघाट भएपछि नमस्कार साटासाट गरियो । आशन ग्रहन गर्ने काम सकिएपछि तोयानाथले झोलाबाट फुत्त एउटा पुस्तक झिकेर मलाई दिनुभयो । कार्यक्रमको व्यस्तताले गर्दा केहीपनि नसोधी मैले धन्यवाद दिदै पुस्तक समातेर झोलामा राखें । सानोतिनो साहित्यकारमा गनिएपछि झोला भिर्नु चाहिँ परिचय नै हुँदोरहेछ । कार्यक्रम समाप्त भएपछि गफगाफ गरेर आ( आफ्ना गन्तव्यतिर लागियो । घर पुगेर सदाझैं झोला झिकेर यथास्थानमा झुण्ड्याएँ । २ दिनपछि फुर्सद मिलाएर झिकें । पुस्तक हातमा आयो । यसो हेरेको त, सबैले बुझ्ने गरी नेपाली लोकलयमा लेखेको गीति् भागवत पो रहेछ, । पुस्तकको डिजाइन पनि साह्रै राम्रो छ । आवरणको अग्रभागमा राधाकृष्णको तस्वीरले सजाइएको छ भने आवरणको पृष्ठ भागमा शिरमा नाम र परिचय, माझमा लेखकको पूरा विवरण र अन्तमा प्रकाशक सिद्धार्थ पब्लिकेशनको लोगो र नामलाई मिलाएर लेआउट गरेको देख्दा त अनुभवी चित्रकारले शान्त मनले सोचेर कोरेको आर्ट जस्तै देखिने रहेछ । अन्तर्वस्तुको बारेमा कभर पल्टाएर भित्रप्रवेश गर्दा उक्त पुस्तकमा भएका महत्वपूर्ण विषयको सार खिचेर आफ्ना बिचार सहितँ अमृत तत्वको प्रशंसाँ शीर्षकमा डा. मेघराज घिमिरेले लेख्नु भएको विचारले पुस्तकको महत्व अझै बढेको छ । तत्त पश्चात् लेखकको संक्षिप्त टिप्पणी शीर्षकमा भागवतमा भएको कथाहरूलाई १५२ शीर्षकमा विभाजन गरी विषय सूची बनाउनु भएको छ । प्रशंगहरू व्यवहारिक र रोचक छन् । हामी नेपालीहरू भौगोलिक अवस्थाले गर्दा आर्थिक विकासमा भर्खर भर्खर बामे सर्दैछौं । तर संस्कृतिमा भने धनी छौं । हाम्रो संस्कृति, रहनसहन विभिन्न जातजातिको विना भेदभाव मिश्रित बसोबास, संस्कार एवम सामाजिक अनुशासन भनेका सभ्यता र परिचयका धरोहर हुन् । पूर्वीय दर्शनका अनुयायी हामी, हाम्रो प्राचीन वाङ्मय, वेद, उपनिषद् आदिको गहनता र सूक्ष्मतालाई बुझ्दै नबुझी हिन्दुधर्मको मर्मलाई वास्तै नगरी सतही तवरमा अध्ययन गरेर वा पूर्वग्राही भावले हिन्दु धर्मका कमजोर पक्षलाई अँगालेर पश्चिमाहरूले इसाइधर्म भिराउँन यत्न गरिरहेका छन् । हुन त हाम्रो धर्मलाई खलल पुऱ्याउन सकिन्छ भनेर अध्ययनका लागि पृथ्वीनारायण शाहका पालामा इसाई धर्मका ३ जना पादरीहरू धर्म प्रचार गर्ने बहानामा नेपाल छिरेका थिए । पृथ्वीनारायण शाह दुरदर्शी राजा भएकाले पादरीहरूबाट भविष्यमा हुनसक्ने खतरालाई मध्यनजर राखी ती पादरीहरूलाई देश निकाला गर्न लगाए ।




त्यसबखत देखि नै हाम्रो देशमा कुनै न कुनै वहानामा कतै एनजिओ, कतै शिक्षा प्रोजेक्ट, कतै स्वास्थ्य प्रोजेक्ट, कतै केही सशक्तिकरण आदिद्वारा सहयोग पुऱ्याउने बहानामा हातमा चारो लिएर हाम्रो देशको कुना कन्धरामा पुगेर सहयोगको नाममा जनता भट्काउने कोसिसमा छन् । यस्तो दुरावस्थामा हाम्रा सोझा साझा जनतालाई सजग र चेतनशील बनाउनु सक्षम नागरिकको कर्तव्य पनि हुन आउँछ । तर दुःखलाग्दो कुरा के छ भने नेताहरू धर्म वेचुवा हाम्रा युवाशक्ति वैदेशिक रोजगारमा र शिक्षितहरू अन्य देशमा जेसुकै कारणले पुगेका भएपनि सक्दो प्रयास गरेर उतै टासिने हुँदा हाम्रो देश त बुढाबुढी, बालक र फटाहा नेताहरूको हातमा छ । यस्तो अवस्थामा तोयानाथ जीले धर्म संस्कृति बचाउने खालका पुस्तकहरू लेखेर जनताको हातमा पुऱ्याउनु भनेको संस्कृतिको जगेर्ना गर्नु हो । योगी ति भागवतको पुस्तक हुनाले घरमाराख्नु भनिन्छ । भागवतको अतिकति मात्र ज्ञानका हिसाबले पनि यो पुस्तक सबैले पढ्नु पर्ने खालको छ । यस मानेमा म लेखकलाई सम्मान व्यक्त गर्दछु र भविष्यमा यसको बाँकी भाग २ पनि प्रकाशनका लागि छिटै अनुकूल मिलोस् भन्ने कामना गर्दछु । नेपाली साहित्यमा लेखकको नाम चुलिदै जाओस् र पाठकले पनि उहाँका कृतिहरू अध्ययन गर्न पाऊन् भन्ने कामनाका साथ आजलाई यति नै ।

# राष्ट्रिय सुसेली मञ्च नेपालले नारी दिवसको अवसरमा अन्गतरक्रिया तथा शुसिली गायन सम्पन्न गर्यो

काठमाडौ । राष्ट्रिय सुसेली मञ्च नेपालले यही २०७८ फागुन २१ गते शनिबार नारी दिवस र फागुको अवसरमा तेईसौं अनलाइन कार्यक्रम सम्पन्न गरेको छ । फागु र नारीहरूमा समर्पित सुसेली गायन र वाचनको कार्यक्रम, सुसेली मञ्चका संस्थापक अध्यक्ष तथा सुसेली विधाका प्रवर्तक दुर्गा अधिकारी भमरकोटेको सभापतित्वमा भएको थियो ।



कार्यक्रमको संचालन कवि साहित्यकार, सुसेली विधाकी अभियन्ता तथा सुसेली मञ्च नेपलकी केन्द्रीय उपाध्यक्ष सुशीला ढकाल अधिकारीले गर्नु भएको थियो ।

फागु तथा नारी दिवस विशेष सुसेली गायन र वाचन कार्यक्रममा सरिक उन्नाइस जना उत्कृष्ट सुसेली सर्जक कवि साहित्यकारहरूले त्रिपदीय नेपाली लोकलय, पुर्वीय, पश्चिमी, काँठे भाका, भजन र लोकभाका लगायत फरकफरक लयमा फागु तथा नारीहरूको सम्मानमा शुभकामना सहित सुसेली गायन र वाचन गर्दै आ-आफ्ना सुसेलीहरू प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा विशिष्ट अतिथि कलानिधी दाहालले नारी पुरुष एक अर्काका पुरक भएको हुँदा समान छन र समान हुनुपर्छ । यसको अर्को विकल्प छैन भन्नुहुँदै, फागुमा विकृति बढेको छ यसलाई सदुपयोग गरेर राम्रो पर्वको रुपमा अगाडि बढाउनुपर्ने कुरा राख्दै आफूले नारीको सम्मानमा रचना गर्नुभएका १० वटा सुसेलीहरू लयमा गाएर सुनाउनु भएको थियो ।

यसैगरी अर्का विशिष्ट अतिथि तिलकप्रसाद लुईंटेलले नारी पुरुषमा सहयोगी भावना हुनु पर्दछ । नारी पुरुषका प्रेमका अनुपम उदाहरणहरू हाम्रै संस्कृति र सभ्यतामा रहेका छन । हामीले विदेशीको भ्यालेण्टाइन डे लाई बढावा दिएर आफ्नै शिव पार्वतीको प्रेम उदाहरणलाई बिर्सेका छौँ । के हाम्रो महाशिवरात्री प्रेमको प्रतीक हुन सक्दैन र भन्ने प्रश्न गर्दै सावित्री सत्यवानको कथा प्रसंग समेत जोडेर हाम्रो मौलिकता र पौराणिकतालाई सम्मान गर्न सिक्नुपर्ने कुरामा जोड दिनुभयो ।

उक्त दुईजना विशिष्ट कविहरू कलानिधि दाहाल र वेद ज्ञाता तिलकप्रसाद लुइँटेल सहित १९ जना अतिथि कवि साहित्यकारहरूलाई कार्यक्रममा स्वागत गर्दैं सुन्दर लोकलयका सुसेलीहरू सुन्ने र सुनाउने अवसर पाएकोमा अत्यन्तै हर्ष लागेको र धेरै संख्यामा कविहरूको उपस्थिति हुँदा पनि कार्यक्रम भव्य र सभ्य हुँनुका साथै कविहरूले आफ्ना उत्कृष्ट सुसेली सिर्जनाहरू सहज तवरमा सुनाउने अवसर पाउँनु भएको थियो र फागु र नारीहरू प्रति समर्पित सुसेली गायन अत्यन्तै मन छुने हुनुका साथै उत्कृष्ट सुसेलीहरू प्रस्तुत गर्नुहुने सबै कविहरू प्रति आभार व्यक्त गर्दै सभापति भमरकोटेले कार्यक्रमलाई भव्य तथा सभ्य तवरमा सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद सहितसहित कार्यक्रम समापन गर्नुभएको थियो ।

सधैंका झै सुसेलीको चौथो वार्षिकोत्सब २०७९ बैशाख १७ गते शनिबार मातातिर्थ औसीका दिन सुसेलीका पुस्तक विमोचन, पुरस्कार वितरण, सुसेली गायन गरेर सम्पन्न गर्ने योजना रहेकोमा सबैको सहभागीताको अपेक्षा सहितको सुचना पनि उक्त जानकारी गराइएको थियो ।

कार्यक्रममा संस्थाका सल्लाहकार समेत रहनु भएका वेद ज्ञाता गुरु तिलकप्रसाद लुइँटेलको स्वास्थ्यमा दुई महिना देखि समस्य झेलिरहनु भएकोमा शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गरिएको थियो । अहिले उहाँको स्वास्थ्यमा राम्रो सुधार भएका कारण कार्यक्रममा सहभागी हुन सक्नुभएकोमा विशेष धन्यवाद ज्ञापन गरिएको थियो । कार्यक्रममा सुसेली वाचन गायनमा सरिक सहभागी अतिथि कवि साहित्यकारहरू निम्न अनुसार हुनुहुन्छ । कवि सुरेशचन्द्र घिमिरे, उर्मिला पन्त, घनश्याम पौडेल, लक्ष्मीप्रसाद मिश्र, चन्द्रावती अधिकारी, हरि शर्मा पंगेनी, पवनकुमार बुढाथोकी, वासुदेव ठकुरी, द्वारिका कुइकेल, अम्बिका अधिकारी, उत्तम विचार भेटुवाल, सुमित्रा श्रेष्ठ, कृष्ण केसी, सुशील आचार्य र चन्द्रा न्यौपाने ।

दुर्गा अधिकारी भमरकोटे लगायत रहनु भएको थियो ।

# एलायन्स क्लबको प्रथम साधारण सभा सम्पन्न, डिष्ट्रिक्ट गर्भनरमा रेग्मी

काठमाडौं । एसोसिएसन अफ एलायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट २०२३ नेपालको प्रथम साधारण सभा डिष्ट्रिक्ट गर्भनर एली नन्दराज पोखरेलको अध्यक्षता तथा नेतृत्व बिकासको लागी अन्तर्राष्ट्रिय समिति संयोजक एलि बिजु बज्राचार्यको प्रमुख आतिथ्यतामा काठमाडौँको धापासी स्थित गोधुली फुडल्याण्ड एन्ड ईभेन्ट्समा सम्पन्न भएको छ ।

प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर एली राहुल रेग्मीले स्वागत मन्तब्य राखेको उक्त कार्यक्रमको संचालन डिष्ट्रिक्ट सचिब राजेन्द्र श्रेष्ठले गरेका थिए । कार्यक्रमका बिच बर्ष २०२२-२३ का लागी निर्वाचित डिष्ट्रिक्ट गर्भनर एली राहुल रेग्मीले आफ्नो टिमको घोषणा गरेका थिए । जसमा प्रथम भाईस डिष्ट्रिक्ट गभर्नरमा एली धना आचार्य, द्वितीय भाईस डिष्ट्रिक्ट गभर्नरमा एली सुस्मा कोईराला, तृतिय भाईस डिष्ट्रिक्ट गभर्नरमा एली भि.के.एस ठकुरी, क्याबिनेट सचिबमा एली पुन्यवती पाठक, क्याबिनेट कोषाध्यक्षमा एली निर्मल पौडेल, जनसम्पर्क अधिकारीमा एली बिवेक मुल, डिष्ट्रिक्ट प्रमुख सल्लाहकारमा एली ध्रुब सिम्खडा र सह-प्रमुख सल्लाहकारमा एली राजेन्द्र श्रेष्ठ निर्वाचित भएका छन । विशेष गरेर एसोसिएसन अफ एलायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट १०२३ ले आगामी पाच वर्षमा नेपालमा क्यान्सर अस्पताल निर्माण गर्ने लक्ष्य रहेको नव




निर्वाचित डिष्ट्रिक्ट गर्भनर एली राहुल रेग्मीले बताए । कार्यक्रममा वरिष्ठ पत्रकार योगेन्द्र प्रताप शाही, जनाता पार्टिका यज्ञ ढकाल, केन्द्रिय बाध्यबाधक कलाकार संघ का केन्द्रिय सदस्य कमल ओलि, पिएफसि नेपाल का प्रशिक्षक खुम केसि लगायतको उपस्थिति रहेको थियो । एसोसिएसन अफ एलायन्स क्लब्स इन्टरनेशनल सन २००८ मा भारतमा दर्ता भई हालसम्म फिलिपीन, बंगलादेश, श्रीलंका, मलेशिया, नाइजेरिया, युरोप, क्यानाडा, अमेरीका, साउथ अफ्रिका, म्यानमार, आष्ट्रेलिया लगायत तीस देशहरुमा समाज सेवाको क्षेत्रमा कार्य गरिरहेको छ । यस संस्थाको मुख्यालय भारतको दिल्लीमा रहेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १/२०७७/०७८


# १० लाख डाउन पेमेन्टमा स्कोडा कुशक, यस्तो छ मासिक किस्ता

काठमाडौं । नेपालको लागि स्कोडाको आधिकारिक विक्रेता एमएडब्लू इन्टरप्राइजेजले आफ्नो नयाँ एसयूभी कुशक किन्न ग्राहकलाई १० लाख डाउन पेमेन्टमा गाडी दिने योजना अगाडि ल्याएको छ । कम्पनीले ल्याएको स्कीममा न्यूनतम ३० प्रतिशत डाउन पेमेन्ट गर्नु पर्ने हुन्छ । अहिले स्कोडा कुशक तीन म्यानुयल र तीन अटोमेटीक भेरियन्टमा विक्री हुँदै आएको छ । कम्पनीले म्यानुयल एक्टीभ भेरियन्टको मूल्य ४९ लाख ९० हजार, एम्बीसन भेरियन्टको ५५ लाख ४० हजार र स्टाइल भेरियन्टको ६४ लाख ९० हजार तोकेर विक्री गर्दै आएको छ । साथै, अटोमेटीक भेरियन्ट एम्बीसनको मूल्य ६१ लाख ९० हजार, स्टाइल भेरियन्टको ६९ लाख ९० हजार र स्टाइल प्लस भेरियन्टको ७१ लाख ४० हजार निर्धारण गरेर विक्री गर्दै आएको छ ।



# केही दिन भित्र विक्री सुरु हुँदै हिरोको नयाँ एड्भेन्चर मोटरसाइकल

काठमाडौं । जनरल मार्केटिङ प्रालिले अबको केही दिन भित्रै एक्सपल्स २०० फोर भी मोडल नेपालमा विक्री सुरु गर्ने भएको छ । कम्पनीले यसअघि नै नेपालका विभिन्न बाटामा परिक्षण गरेको एक्सपल्स २०० फोर भीको विक्री




सुरु गर्न लागेको हो । 'नेपालमा दुई महिनादेखि परिक्षण गरिरहेका थियौं, अबको केही दिन भित्रै विक्री सुरु गर्ने योजना बनाएका छौं', नेपाल जनरल मार्केटिङ स्रोतले भन्यो । हिरोले एक्सपल्स २०० फोर भीलाई हाइवेमा पनि उत्कृष्ट पर्फमेन्स गर्न सक्ने बनाएर ल्याएको छ । नयाँ फोर भी मोडलले रेगुलर एक्सपल्सको तुलनामा १.०२ पीएस पावर र ०.९ एनएम टर्क बढी प्रदान गर्छ । एक्सपल्स २०० फोर भीमा २०० सीसी लिक्विड कुल्ड इन्जिन दिइएको छ । उक्त इन्जिनले १९.१ पीएस पावर र १७.३५ एनएम टर्क प्रदान गर्छ । हिरोले यसमा ७ फिन आयल कुलरको प्रयोग गरेको छ, अब पहिले जस्तो इन्जिन तात्ने समस्या पूर्णरुपमा समाधान भएको कम्पनीको दावी छ । पहिलेभन्दा केही अग्लो सिट, अपग्रेड गरिएको स्टार्ट र किल स्वीच, नयाँ एलइडी हेडलाइट जस्ता फिचर दिइएको छ । साथै, ब्लुटथ कनेक्टीभीटी र टर्न वाई टर्न नेभिगेशन फिचर पनि थप भएको छ ।

# भक्तपुरको राधे राधेमा हुन्डाईको सुविधा सम्पन्न शोरुम

काठमाडौं । नेपालका लागि हुन्डाई मोटर्सको आधिकारीक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले प्रालिले भक्तपुरको राधे राधेमा नयाँ शोरुम सञ्चालनमा ल्याएको छ । योसँगै देशभर हुन्डाईको शोरुमको संख्या १५ पुगेको छ । कम्पनीले सञ्चालनमा ल्याएका सबै 'स्टेट अफ द आर्ट' शोरुमबाट ग्राहकले गाडी किन्दा नयाँ अनुभव प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ । हुन्डाई मोटर्सले उत्पादन गरेको आधुनिक गाडीहरु नयाँ शोरुममा प्रदर्शनमा राखिएको कम्पनीको भनाइ छ । कम्पनीका अनुसार भक्तपूर र आसपासका क्षेत्रमा रहेका ग्राहकहरुलाई लक्षितगरी सञ्चालनमा ल्याइएको यस शोरुममा सेल्स, सर्भिस र स्पेयर्सपाट्स सहितको थ्रीएस सेवा उपलब्ध रहेको छ । नयाँ शोरुममा दक्ष र अनुभवी कर्मचारीहरु रहने भएकोले ग्राहकले सबै किसिमका आवश्यक सेवा छरितो र सहज तरिकाले लिन सक्नेछन् ।

# सोनी र होण्डा बीच इलेक्ट्रीक भेहिकल बनाउन साझेदारी

काठमाडौं । जापनको सोनी ग्रुप कर्पोरेशन र होण्डा मोटर कम्पनीले आगामी इलेक्ट्रीक भेहिकल विकासका लागि रणनीतिक साझेदारी गरेका छन् ।

जापानका यी दुई मल्टीनेशनल समूहले ब्याट्री पावर इलेक्ट्रीक भेहिकल उत्पादनका लागि ज्वाइन्ट भेन्चरमा नयाँ कम्पनी स्थापना गरेका हुन् । प्राप्त जानकारीका अनुसार यसै वर्षको अन्त्यसम्ममा यो नयाँ कम्पनीले काम सुरू गरिसक्नेछ ।

यी दुई कम्पनीको बीचमा साझेदारी हुनुको मुख्य कारण होण्डाको मोटर उत्पादनमा रहेको एक्सपर्टीज र सोनीको टेक्नलोजीका क्षेत्रमा रहेको एक्सपर्टीजलाई एकै स्थानमा ल्याई नयाँ जेनेरेशनको वातावरणमैत्री उत्कृष्ट ईभी निर्माण गर्नु रहेको हो ।

अब नयाँ कम्पनीले प्लानिङ, डिजाइनिङ, डेभलपमेन्ट र सेल्स स्ट्याटिजी फर्मुलेसनको सम्पूर्ण कार्य गर्छ । तर, सुरूआती उत्पादनको कार्य भने होण्डाको फ्याक्ट्रीमै हुनेछ । सोनीले मोबिलिटी सर्भीस प्ल्याटफर्ममा कार्य गरिरहेको छ ।

सोनीले सन् २०२२ को कन्जुमर इलेक्ट्रीक शोमा आफ्नो भिजन एस कन्सेप्टको प्रदर्शन गरिसकेको छ । जुन अब नयाँ जेभीलाई हस्तान्तरण गर्नेछ । यो जोयन्ट भेन्चरको पहिलो उत्पादन भने सन् २०२५ बाट मात्र बजारमा आउनेछ ।







बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस